
REFORMED & PRESBYTERIAN SEMINARY

# RESTORERS

Volume.III, DEC.-MAY 2019/20



# इसाई नीति-शास्त्र: विवाह र परिवार

# REFORMED & PRESBYTERIAN SEMINARY

## VISION

We see Nepali Communities flourishing in the fruits of the Gospel through the labor of disciples who are yoked to Christ.

## MISSION

To provide Christ-centered training to equip godly leaders for Christ's church among Nepali people, who are authentic in Christian character, competent in theological knowledge and equipped for ministry.

## VALUES

We want to glorify God through upholding these values:

**Reformed World and Life View**
**Christ-Centered Education**
**Missionary Spirit and Zeal**
**Gospel Transforming Community**
**Nurturing with Nepali Resources**
**Network of Christian Leaders**
**Covenant Spirituality**
**Servant Leadership**
**Holistic Human Development**
**Training for Vocational Ministry**

## ADMISSION REQUIREMENTS

To ensure excellent theological education. All applicants must fulfill all the requirements and qualifications in order to get admission at Reformed & Presbyterian Seminary (RPS).

General Requirements for both programs Master of Divinity (MDiv) and Bachelor of Theology (BTh) Admissions:

**Follow these steps to apply**

**Step 1:** Fill the online pre-application available in Seminary *website (www.rpsnepal.com)*.

**Step 2:** Seminary will contact with you via phone or email to submit your complete forms.

**Step 3:** Download the application form from website and fill the form completely and send it to the seminary office.
Or you can also take application from RPS office.

**Step 4:** Submit the application forms to office before July 15 (check the list of required documents when you submit application).

a. Baptism Certificate, if no certificate, an official letter from pastor.
b. Transcripts and Certificates from all previous schools/institutions.
c. Letter of Recommendations—one from Pastor, and another from academic institution.
d. An essay recently written by you (200-350 words-only for MDiv.)

*FOR MORE INFORMATION PLEASE CONTACT*

**REFORMED & PRESBYTERIAN SEMINARY**
Lalitpur Metropolitan City, Ward No. 25
Phulbari Chowk, Bhaisepati
**Phone:** 977-1-5592987 | **Fax:** 977-1-559298
**Postal:** GPO 8975, EPC 1923 Kathmandu, Nepal
**Email:** rpseminary@gmail.com
**Web:** www.rpsnepal.com

# Word from the Chairman



**Rev. Arbin Pokharel**
Chairman, Reformed & Presbyterian Seminary

## Restorers Fall, 2019

At the heart of the vision of RPS is the call to equip pastors and leaders who are committed to following Jesus, long enough to see and taste the fruit of the gospel fully-fledged in Nepali churches. Leaders in the church have the awesome responsibility to disciple God's people. Discipleship, meaning following Jesus, is the mission of the church. Our discipleship to Jesus begins in family. This issue of RPS Restorers addresses some of the foundational matters within our family relationships, as we seek to be authentic disciples.

Human beings live in a complexities of relationships. Relationships are never easy. Yet, our emotional, psychological, and social wellbeing depends on our primary relationships.

Peter Scazzero in his book The Emotionally Healthy Church, contends "the overall health of any church or ministry depends primarily on the emotional and spiritual health of its leadership." If church leader's primary responsibility is discipleship, and the spiritual foundation of the church is laid on emotional system, a church and their pastors will be wise to begin investing more time and energy into a) personal emotional and psychological health, and b) effective family discipleship ministries.

There are so many family problems in Nepal, many spring out of marriage problems, many are known, but many more are hidden inside families. We are good at keeping problems hidden and keeping relationships practically functional. We must talk and address them together. In our church we have annual family life sermon series, and one family life retreat to address some of the matters in our families. There we have many workshops for discussing and learning. Everyone involved thinks it is a good program. I would encourage every Nepali church to have something like this in your churches.

Someone has said, "more technology means less relationship." We find that is becoming true in Nepal. More and more digital advancements require more of our time on screen. Someone said, "love is spelled TIME." Love cannot be expressed without giving time and attention. Given the limited amount of time each one of us have, we have to take it out from people to give to digital screens. We compromise ministry. While churches grow far and wide and ministries expand, pastors and leaders must keep checking their own foundations. Fruits don't lie. Roots and internal activities in a tree can be hidden, but fruit reveals the quality of the tree. Similarly, true discipleship taking place in a church is seen through a healthy pastors and healthy families in the church.

So, this is a timely call to pastors to determine where to invest our time and energy to disciple God's people in obedience to Christ. Just as Apostle John says, "For whoever does not love their brother, whom they have seen, cannot love God, whom they have not seen." Family is our primary neighbor. Husband and wife are the first neighbors. Loving God and our neighbors begins here. Let us be faithful to Jesus Christ!

# सम्पादकीय



**Rev. Mani Koirala**
Academic Dean, Reformed and Presbyterian Seminary

हाम्रो यो Restorers Magazine को तेस्रो संस्करण "विवाह र परिवार" सँग सम्बन्धित विभिन्न गैरबाइबलिय वा संसारिक अवधारणहरूलाई चिर्दै यी पवित्र संस्थाहरू मानिस र परमेश्वरको दृष्टिमा आदरणीय बनाउन उपयोगी हुने विश्वासका साथ यहाँहरूका सामु पस्केका छौं । उचित नैतिक शिक्षाको सिकाई र नैतिक जीवन शैलीको अभावले हाम्रा इसाई जीवनका यात्राहरू धुमलिदै गइरहेका छन् । यसर्थ आज हाम्रा मण्डलीहरूमा व्यवस्थित रुपमा नैतिक आचरण/स्वभावहरूका बारेमा सिकाउन अति नै आवश्यक छ । नैतिक शिक्षाहरूको अध्ययन गर्ने विधालाई नीति-शास्त्र भनिन्छ । संक्षिप्त रुपमा नीति-शास्त्र (Ethics अथवा Moral Theology) भनेको के हो र यसको किन आवश्यकता छ भन्ने बारेमा तल उल्लेख गरिएको छ ।

नीति-शास्त्र दर्शनशास्त्रको एउटा अभिन्न अंग हो । यसले जीवन र जगतसँग सम्बन्धित कस्ता-कस्ता आचरणहरू सहि वा गलत हुन र किन निश्चित नैतिक मूल्य-मान्यतामा रहनु पर्छ भन्ने कुराको अध्ययन गर्दछ । हरेक धर्महरूले जीवनलाई सहि मार्गदर्शन प्रदान गर्नलाई नैतिक मूल्य मान्यताहरू निर्धारण गरेका हुन्छन् भने नास्तिक समुदायमा पनि समाज र संस्कृतिलाई विसंगतीबाट सुरक्षित राख्न भए पनि आधारभुत संयन्त्रहरू निर्धारण गरेका हुन्छन् ।

वरिष्ठ धर्मशास्त्री Wayne Grudem का अनुसार इसाई नीति-शास्त्र भनेको, "बाइबलले प्रकाश पारे अनुसारको जीवन जिउनु, जसद्धारा परमेश्वर प्रसन्न हुनुहुन्छ" (Kindle version) । बाइबल धर्मशास्त्रले कस्तो प्रकारको स्वभाव, चरित्र वा मनोभावनालाई परमेश्वरले मञ्जुरी दिनुहुन्छ वा दिनुहुन्न भन्ने कुराहरू स्पष्टसँग बताउँदछ । इसाई नीति-शास्त्रले परमेश्वरले दिनु भएको व्यवस्थाअनुसार ठिक-वेठिक परिभाषा दिदैं, हरेक व्यक्तिमा खीष्टिय स्वभाव विकास गर्दै मानव जातिका हरेक क्रियाकलापहरूले केवल परमेश्वरको मात्र महिमा हुन सक्ने जीवन जिउनलाई पथ-प्रदर्शकको काम गर्दछ ।

आजको नेपालका मण्डलीहरूमा नैतिक शिक्षाहरूको व्यवस्थित अध्ययनको खाँचो प्रष्टसँग देख्न सकिन्छ । नेपाली इसाईहरूको संख्या संवैधानिक तथा कानुनी

प्रतिकुलतालाई चिर्दै भए तापनि वृद्धि हुन रोकिएको छैन। तर हामी इसाईहरूलाई नैतिक धरातलको तराजुमा जोख्ने हो भने हामी कहाँ छौ? हामी ज्यादा वस्तुवादी (अनुभव) हुने क्रममा विषयगत (बाइबलिय सत्यता र सिद्धान्त) सत्यताहरूलाई वेवास्ता त गरिरहेका छैनौ? येशूले स्पष्टसँग भन्नु भयो: "तिमीहरूले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरू पालन गर्ने छौ" (युहन्ना.१४: १५) । यसकारण समग्रतामा परमेश्वरको इच्छा र योजना स्पष्ट र व्यवस्थितसँग बुझ्न उहाँलाई प्रेम गर्नेहरूले उहाँका आज्ञाहरू पालन गर्नुपर्छ । आज्ञा पालन गर्न बाइबल पढ्नुपर्छ ।

इसाई नीति-शास्त्रको एउटै मात्र श्रोत बाइबल हो । यसैको अध्ययनले मात्र हामीलाई प्राकृतिक तथा गैर बाइबलिय मुल्य-मान्यताहरूबाट बाइबलिय नैतिक मुल्य-मान्यताहरूतर्फ दृढ विश्वास दिलाउँदछ । वास्तविक जीवनमा आइपर्ने परिक्षाहरूको सामना गर्दै बुद्धिमानी पुर्वक यो छोटो जीवन जिउनलाई बाटो देखाउँदछ । नत्र हेलचेक्राइ साथ गरिएको एउटा गल्ति सच्याउन वा ढाक छोप गर्न खोज्दा खोज्दै जीवन "डाँडा माथिको घाम" जस्तै भएका धेरै उदाहरणहरू हामी देख्न सक्दछौ। झन कतिपय पापका असरहरूले त पुस्तौ-पुस्तासम्म पनि हानिरहेको पनि हामीले देखेका छौ । यसर्थ जति हामी इमान्दारिता साथ इसाइ नीति-शास्त्रको बारेमा मनन गर्छौ र त्यहि अनुसारको जीवन जिउँदछौ । हामी दिन प्रति दिन इसाइ परिपक्वतामा र पवित्रतामा बृद्धि हुँदै जाने छौ । यस प्रकारको वृद्धिले हामीमा इश्वरीय सद्‌गुणहरू प्रकट हुने छन् र सु-समाचारिय क्रियाकलापहरू अझ बढि व्यवहारिक हुने छन् ।

यस अंकमा विशेषत हामीले ख्रीष्टिय जीवनका नैतिक सवालहरू अन्तर्गत विवाह र परिवारलाई केन्द्रमा राखेर विविध पक्षहरूबारे जानकारी गराउने जमर्को गरेका छौ । विवाह र परिवार परमेश्वरले स्थापना गर्नु भएको पवित्र संस्थाहरू भए तापनि पापको प्रवेशले गर्दा यसका सुन्दरताहरू माथि प्रहार गरेर "विवाह र परिवारलाई" थिलथिलो बनाएको छ । यसको प्रहारले अइसाई समुदाय मात्र होइन इसाई समुदाय पनि अछुतो छैन । यौनजन्य हिंसा, अपराध, व्यभिचार, छोड-पत्र, गर्भपतन, लथालिंग परिवारहरू यसै प्रहारका असरहरू हुन् । यो क्यान्सर जस्तो पाप जो मन्द विषको रुपमा हरेक विवाह र परिवारलाई आक्रमण गरिरहेको छ । यसर्थ यिनै विविध विषयहरूमा सम्वोधन गर्न हाम्रा लेखकज्यूहरूले प्रयास गर्नु भएको छ । हामी आशा र प्रार्थना गर्दछौ कि यी साना प्रयासहरूले वैवाहिक र पारिवारिक जीवन "परमेश्वरलाई प्रसन्न तुल्याउने" यात्रामा सहायक सिद्ध हुने छ । साथै भविश्यमा यी संस्थाहरूमा प्रवेश गर्न लाग्नु भएका प्रियजनहरूलाई पनि सजग र सतर्क हुनलाई मद्दत पुग्ने छ ।

धन्यवाद ।

# Editorial Committee


**Editorial:** Rev. Mani Koirala
**Chairman Desk:** Rev. Arbin Pokharel
**Principal Desk:** Rev. Birendra Shrestha
**Assistant:** Ps. Rameshwar Yadav

**Advisor:**
Rev. Arbin Pokharel
Rev. Jayraj Gurung
Rev. Amit Karthak


# Content


Word from the Chairman ...........................3
सम्पादकीय ....................................................... 4
बिवाह करार सम्बन्ध हो........................................ 7
पुरानो करार र बहुविवाह.................................. 10
विवाह : अवस्था, ख्रीष्टिय नैतिकता र बाइबलीय दृष्टि. 13
मान्छे म ........................................................ 16
पल्टनमा मेरो पिडा............................................ 16
सम्बन्ध विच्छेद र पुनर्विवाह ................................ 17
RPS मा येशुसँग जम्काभेट ................................. 20
Understanding Marriage as Covenant..... 22
जातिय विवाह र बाइबल .................................... 24
गर्भपतनः बैधानिकता, बाइबलीय मान्यता र
ख्रीष्टियन मण्डलीको दृष्टिकोण ............................ 27
व्यभिचारः नैतिक कलंक..................................... 31

# बिवाह करार सम्बन्ध हो ।

**Rev. Arbin Pokharel**
Chairman, Reformed and Presbyterian Seminary
Cross-Way Community Church

**परमेश्वर प्रेम, आदर र अधिनताको गतिशिलतामा आफ्नो जातिहरूसँग करार सम्बन्धमा रहनुभएको छ, यो दर्शाउने चित्र बिवाह हो ।**

एक जोडी पास्टर कहाँ आएर भने "पास्टर ज्यू, हामीलाई छिटै विवाह दिनुपर्‍यो, नत्रभने मेरो प्रेमिकाको लागि उसका बा-आमाले अर्के केटा खोजिदिन्छन् अरे" । एक हप्तापछि उनीहरूले भागेर बिवाह गरे । केही दिनपछि फेरि पास्टरकहाँ आएर भने "पास्टर ज्यू, अब मण्डलीको अनुशासनमा आउन हामी चाहन्छौ, भनिदिनुहोस् के गर्नुपर्छ ?" दुख साथ भन्नुपर्दा, नेपाली ख्रीष्टियनहरूको बिवाहको बुझाई यस घटनाले छर्लङ्ग बनाएको छ। हामी छिटो छिटो फट्को मार्ने परिवर्तनशिल मुल्यमान्यताहरू र संस्कृतिले बनेको संसारमा जिउँछौं । अहिले नेपालमा यस्तो देखिन्छ कि मण्डलीहरू संख्यात्मक र अन्य कुराहरूमा बृद्धि हुँदै गर्दा, येशुको चेलापनको गहिराईमा बढ्नुपर्ने मुख्य कुरा र वचनको आज्ञाकारितामा चाहिँ सम्झौता भएको छ ।

अधिक परिवारभित्र बिवाहमा हुनुपर्ने समर्पणमा पनि यी अधुरो चेलापनका पक्षहरु देखिन्छन् । जब बिवाह आउँछ सबै जना हतारमा देखिन्छन् । परिवारको आयोजनामा बिवाह सम्पन्न गर्न, पास्टरले चाहिने सबै रिति विधिहरू पुर्‍याउँछन् । बिवाह सम्पन्न भयो । विधि पार लगाईयो सोच्दै पास्टर अगुवाहरू ढुक्क हुन्छन् । बिवाह जीवन भरिको लागि हो । वैवाहिक जीवनमा प्रवेश गर्नु अघि तयारी कै लागि मात्र पनि कम्तिमा एक वर्ष त पर्खनुपर्ने हो र बैवाहिक जीवनपछि श्रीमान श्रीमति नै ख्रीष्टिय चेलापनमा कटिबद्ध हुँदै जीउनु पर्ने हो, तर हुन सकेको छैन । नेपाली परिवारभित्र बैवाहिक समस्याहरू धेरै छन् । कुनै बाहिर देखिएका छन् भने धेरै समस्याहरू घर बाहिर आउँदैनन्, तापनि वैवाहिक सम्बन्धलाई जसो तसो व्यवहारिकतामा मिलाएर गुडाईराखेका हुन्छन् ।

हामीले बिवाहलाई केवल व्यवहारिकताका दृष्टिले मात्रै बुझ्ने गरेका छौं । विवाह किन गरिन्छ भन्दा : प्रेम लिला, यौन संभोग, सन्तान उत्पादन र हेरविचार, घर व्यवहार, अर्थ आर्जन, तथा दुःख सुखमा सहयात्राका लागि । मण्डलीमा शिक्षा वचन पनि यी नै बिषयहरू सिमीत लक्षित गरि प्रचार गर्ने र सिकाउने गरिन्छ । सामान्यतया यी सबै असल हुन् । तर बिवाहको अर्थ र परिभाषालाई यी कुराहरूमा सीमित राख्दा, बिवाह र यस भित्रको ख्रीष्टिय समर्पणका कुराहरू फितलो र कतिपय अवस्थामा गलत चित्राङ्कन पनि भएका छन् ।

संसारमा कुनैपनि सम्बन्धका नैतिक र कानुनी आधारहरू के छन् । जति समाज र सरकारले स्थापना गरिदिएका छन् त्यति मात्रै न हो । तर हामीलाई थाहा छ सम्बन्ध भनेको गतिशील (dynamic) र जटिल छ । मानिसको मानसिक संतुलनको जगमा बसालिएको कुरालाई नैतिक र कानुनी हिसाब कितावले मात्र हेरेर पुग्दैन रहेछ । यसलाई सृष्टिकर्ताको नजर र दृष्टिकोण बाट मात्रै ठीक तवरमा बुझ्न सकिने रहेछ । **यसकारण बिवाह बाईवल अनुसार एक करार हो भनि बुझ्न आवश्यक छ ।**

बिवाहमा परमेश्वरको योजना र दर्शन, उहाँको आफ्नै व्यक्तित्व, स्वभाव र चरित्रहरुमा आधारीत हुन्छ, जुन उहाँले करार सम्बन्धको गतिशिलतामा दर्शाउनुहुन्छ । **करार, परमेश्वर र उहाँको मानिसहरु बीच हुने एक विशेष सम्वन्ध हो ।** परमेश्वर आफै यसको प्रवर्तक हुनुहुन्छ । उहाँले नै बिवाह स्थापना गर्नुभयो र मानिसहरुलाई यस करार सम्बन्धमा जिउन आव्हान गर्नुभएको छ । बिवाह एक विशेष निर्दिष्ट करार सम्बन्ध हो किनकी यो औपचारीक रुपमा जोडिएको सम्बन्ध हो । बाईवलमा बिवाहको करार सम्बन्धलाई यो बिम्बबाट व्याख्या गरिएको छ । परमेश्वरको करार सम्वन्ध खीष्टिय विवाह बाहिर बुझ्न सकिन्न (हेर्नुहोस् ईजिकिएल १६, होशे १) । वास्तवमा परमेश्वरको नाउँ यहोवाको अर्थ पनि करार सम्बन्धमा नै आधारित छ । यहोवाको अर्थ "करारमा बिश्वसयोग्य परमेश्वर" हो (हेर्नुहोस् व्यवस्था ७ :९) । उहाँमा हामी पुर्ण भरोसा गर्न सक्छौं किनकी उहाँ भरोसा योग्य हुनुहुन्छ ।

बिवाहको करार उत्पत्ति २ अध्यायमा नै स्थापना गरिएको छ । उत्पत्ति १ अध्यायमा त्रिएक परमेश्वरले नर र नारी गरि उहाँको आफ्नै स्वरुपमा मानिसलाई रचना गर्नुभएको कुरा पाउँदछौं । परमेश्वरले मानिसलाई उहाँको आफ्नै स्वभाव र गुणहरु सारिदिनुभयो । जस्तै, भावना, आत्मा, शरीर र सम्बन्ध जनाउने अरु चरित्रहरु । त्रिएक परमेश्वर प्रेम, आदर र आज्ञाकारिताको सिद्धतामा रहनुभएको छ । सम्बन्धको संजाल भित्र, त्रिएक परमेश्वर पिता, पुत्र र पवित्र आत्मा को अस्तित्वमा नै मानिस जातिले आफ्नो, भलाई, सन्तुष्टता र उन्नतीको मुहान् पाउँदछन् ।

विवाह संसारमा पाइने प्रेम सम्बन्धहरु मध्येको सवैभन्दा उत्कृष्ट अभिव्यक्ति हो । बिवाहको दिन, जहाँ प्रेम करारलाई एक आपस बीच, त्रीएक परमेश्वरको उपस्थीतीमा मण्डली सामाज सन्दर्भमा स्थापना गरिन्छ । यसकारण बिवाह मण्डलीमा हुनु असल र उचित कुरा हो । त्यो दिन परमेश्वरको अभिशिक्त जन पास्टरले घोषणा गर्नुहुन्छ "परमेश्वर यहाँ हुनुहुन्छ", "हामी उहाँको करारका मानिसहरु हौं" । यसरी विवाह करार परमेश्वरको उपस्थिति र करारको समाजमा स्थापित हुँदछ । "हामी परमेश्वरले जे गर्नुभएको छ, त्यसको साक्षी छौं" करारको समाज मण्डलीले प्रतिउत्तरमा भन्छन् : "हामी (दुलहा र दुलहिको नाम लिंदै) लाइ प्रार्थना, उत्साह दिन, र परामर्ष दिदै संघर्षपुर्ण यास जीवन जीउन बिवाहलाई आशिष दिने करार प्रतिबद्धता जनाउँदछन् ।" बिवाह करारमा प्रवेश गर्दा, वा वाचा बाँध्दा यी नै शब्दहरु उच्चारण गरिन्छन् । किन ? किनकि परमेश्वरले आफनो मानिसहरुसँग बाँध्नुभएको करार त्यस्तै छ, "मृत्युले नछुट्टाए सम्म" सम्बन्धमा कटिवद्ध ।

यसकारण परमेश्वरले सम्बन्ध बिच्छेदलाई घृणा गर्नुहुन्छ (मलाकी २:१६) । किनकी सम्बन्ध विच्छेदले परमेश्वरसँगको करार सम्बन्धलाई भत्काउछ । बिच्छेदले श्रीमान् श्रीमती बीचको घनिष्ठ सम्बन्ध, छोराछोरी, परिवार र करारको समाज (मण्डली) सँग पनि सम्बन्ध भत्काउछ । सम्बन्ध बिच्छेदले करार सृजना गर्ने र यसलाई कायम राख्ने परमेश्वरलाई धोका दिंदछ । यसकारण सम्बन्धच्छिेद पाप हो । डा. कर्नेलियस प्लान्टींगा उहाँको पुस्तक, "Not the Way It's Supposed to Be" मा भन्नुहुन्छ, "पाप, शालोम खल्बलाउने दण्डयोग्य अपराध हो" । परमेश्वरले सृष्टिमा स्थापित गर्नुभएको शान्ति र करार अनुशासन भङ्ग गर्दा लाग्ने दोष र दण्डयोग्य अपराध हो । बाइवलमा करार भङ्ग भएका धेरै उदाहरणहरु पाउँदछौं । परमेश्वरले करार भंगतालाई गम्भीर प्रकारको पापको रुपमा लिनुहुन्छ र यसले गर्दा उहाँको क्रोधलाई निम्त्याउँछ । यसर्थ उहाँको करार भंग गर्नेलाई त्यही अनुरुपको दण्ड दिनुहुन्छ । ईजिकिएल १६, मा ईस्राएल राष्ट्र बेबिलोनमा कैद प्रवाशमा भएको र धेरै दुखः कष्ट भोगेको पाउँदछौं । ईस्राएलीहरू यता उता भौतारिन्छन् र भन्छन् "परमेश्वर कहाँ हुनुहुन्छ ? किन उहाँले हामीमाथि यो बज्रपात पर्न दिनुभयो ? ईजिकिएल अगमवक्ताद्धारा परमेश्वरभन्नुहुन्छ "तैले व्यवहार गरेअनुसार म तँसित व्यवहार गर्नेछु, किनभने तैंले करार भङ्ग गरेर मेरो भाकललाई तुच्छ ठानेकी छस्" (ईजिकएल १६:५९) ।

पावलले खीष्टिय बिवाहलाई यसरी बुझाउँनुहुन्छ, श्रीमान् श्रीमति एक अर्कालाई पारस्परिक प्रेम र आदर

गर, र यसरी "खीष्टको श्रद्धामा एक अर्काको अधिनमा बस" (एफिसी ५:२०)। यो बाइवलीय बैवाहिक जीवन जिउने तरिकाको एक चित्र हो। तर यो वचनखण्डवाट सिकाउँदा, वा प्रचार गर्दा हामीले यसलाई श्रीमान्ले प्रेम र श्रीमतिले आदर गर्ने, कुरामा मात्र सिमीत राख्नेगर्छौं। तर बिवाहमा प्रेम, आदर र अधिनताजस्ता आधारभूत कुराहरू एकपक्षिय हैन द्विपक्षिय आदान-प्रदान हुनुपर्छ। यो प्रतिस्पर्धाको विषय वा माग र पूर्तिको नियम होइन। तर स्वतर्स्फुत रुपमा आउनुपर्दछ। पावलले बिवाह परिवारको बिम्बलाई लिएर भन्नुहुन्छ "यो एउटा गम्भिर रहस्य हो, अनि यो कुरा म खीष्ट र मण्डलीको सम्बन्धमा बोल्दछु"। मण्डली खीष्टको शरीर, उहाँको दुलही हो, जहाँ त्रिएक परमेश्वरको गुणहरू प्रेम, आदर र अधिनतामा देखिनुपर्दछ।

यदि बिवाह करार सम्बन्ध हो भने, अब नेपाली मण्डलीहरूले बिवाह सिक्षा र परामर्ष दिंदादेखीनै विवाहलाई अर्थ्याउने बिधिहरुमा सुधार ल्याउनुपर्ने हुन्छ। यसका निम्ति केही सुझावहरू:

बिवाहको तयारी आवश्वयक छ। हरेक मण्डलीहरूमा पूर्व-वैवाहिक परामर्शका कार्यक्रमहरू साथै विवाहका लागि तयार भएका जोडीहरुबिच पनि छलफल हुनु जरुरी छ। यी अभियानहरू मण्डलीहरूले विभिन्न कार्यशालाहरूका (Workshop) माध्यमबाट गरे अझै उपयुक्त हुनसक्दछ। यद्यपी नेपालमा परामर्श लिने-दिने संस्कृति भने त्यति प्रचलित छैन तर अब मण्डलीलेनै यो काम सुरु गर्नुपर्छ।

बिवाह जीवनभरिको लागि एकै पटक मात्र गरिने करार भएकोले प्रचलित डेटिङ्ग (Dating) गएर एक अर्कालाई चिन्ने बुझ्ने भन्दा, बरु परिवारीक र समाजिक माहोल बनाईयो भने गुप-चुप भेटघाटमा आउन सक्ने 'परिक्षा' र पछुत्तोबाट जोगिन सक्छन्। यसलाई Courtship भनिन्छ।

बाइवलले खीष्टिय बिवाहलाई करार सम्बन्धको रुपमा परिभाषित गरिएको हुँदा, मण्डली समाजले यो बुझाईलाई अभ्यास गरेर भित्र्याउनुपर्छ। उदाहरणको लागि, बिवाह

**त्रिएक परमेश्वर प्रेम, आदर र आज्ञाकारिताको सिद्धतामा रहनु भएको छ। सम्बन्धको संजाल भित्र, त्रिएक परमेश्वर पिता, पुत्र र पवित्र आत्माको अस्तित्वमा नै मानिस जातिले आफ्नो, भलाई, सन्तुष्टता र उन्नतीको मुहान् पाउँदछन्।**

समारोहमा वाचा आदान प्रदान गर्दा, मण्डली समाज उठेर यसो भन्न सक्नेछन् "हामी यो जोडीको लागि प्रार्थना गर्न, उत्साह दिन, उनीहरूले बाँधेको वाचालाई बिश्वासनीयतामा राखुन् र परमेश्वरको वचन र चेलापनमा जरा गाडुन् भनि सहयोग गर्न प्रतिवद्धता जनाउँछौँ"। यसले करारको समर्पण जनाउँछ। यसो गर्नका लागि मण्डलीमा वातावरण र शिक्षा आधारहरू पनि निर्माण हुन आवश्यक छ।

बिवाह सम्बन्ध जस्ता प्राथमिक कुराहरू, पारिवारिक स्वास्थ्य, गतिशिलता र चेलापनमा डोर्याउन मण्डलीले नियमित पारिवारिक सेवाहरू पहिचान र परिचालन गर्नुपदर्छ।

रुथ बार्टोनले उहाँको किताव "Sacred Rhythm" मा भन्नुभएको छ, "हाम्रो जीवनका हरेक पक्षहरूलाई धार्मिक बिधिको सन्दर्भबाट हेरिनुपर्दछ, जहाँ हाम्रो शरीर पबित्र हुनुपर्छ, किनकी शरीर पबित्र आत्माको मन्दिर, परमेश्वरको बासस्थान हो, र यो बुझाई अपरिहार्य छ"। मानिस फस्टाउन, जीवनलाई प्रगतिमा लम्काउन प्राथमिक सम्बन्धहरूमा निर्भर भएको हुँदछ। मण्डलीको कार्यलक्ष्य, सांचो चेलापनमा जरा गाडिएर हुर्कन, भावनात्मक र मनोबैज्ञानिक स्वस्थ सम्बन्धको कटनी गर्न, मानिसको जीवनको सबैभन्दा महत्वपुर्ण प्राथमिक करार सम्बन्ध बिवाह हो। यसलाई परमेश्वरको करार धारणावाट बुझ्न र अभ्यास गर्न पास्टर अगुवाहरू प्राथमिकरुपमा जिम्मेवार छन्।

# पुरानो करार र बहुविवाह



**Rev. Dr. Birendra Shrestha**
Principal, RPS

## परिचय

**बहुविवाहको मुद्दा यूरोपेली र अमेरिकी मुलुकहरूमा नभए तापनि अफ्रिकी र एसियाली देशहरूमा यो मुद्दाले विशेष चर्चा पाएको छ। साथै यो मुद्दा बहसको विषयको रुपमा विश्व मण्डलीमा पनि प्रवेश गरेको छ। नेपालको सन्दर्भमा, कानुनले बहुविवाहमा बन्देज लगाए पनि प्राचिन समयदेखि नै प्रचलनमा रहेकोले अझै पनि परम्पराको नाममा कतैकतै यसले निरन्तरता पाइरहेको छ। केही नेपाली इसाईहरूले पनि गोप्य वा खुल्लारुपमा दोस्रो विवाह गरेका छन् ।**

**पुरानो करारको समयमा धेरै व्यक्तिहरूले बहुविवाह गरेका थिए किनकि यसलाई पुरानो करारमा परमेश्वरले स्पष्टरुपमा अवैधानिक ठहर गर्नुभएको थिएन। तापनि पुरानो करार र सम्पूर्ण वाइवललाई गहनरुपमा अध्ययन गर्दा परमेश्वरले बहुविवाहलाई गलत रहेको पुष्टि गर्नु भएको छ। यसकारण, पुरानो करारमा केन्द्रित हुँदै नयाँ करारको आधारमा पनि संक्षिप्त व्याख्या गरि यो लेख मार्फत आर्थिक, परिवारिक, सामाजिक, आत्मिक, र भावनात्मक रुपमा बहुविवाह गलत रहेको प्रष्टयाउने जमर्को गरेको छु।**

## क. पुरानो करारमा बहुविवाह

पुरानो करारले एउटा व्यक्तिद्वारा धेरै महिलाहरूसँग विवाह गरेको तथ्यलाई प्रस्तुत गरेको छ । यस्ता उदाहरणहरू पुरानो करारको धेरै पुस्तकहरू पाइएका हुनाले यस प्रथालाई मानिसहरूले विभिन्न प्रकारले व्याख्या गर्ने गरेका छन् । यस सम्बन्धमा दुई प्रकारको मान्यताहरू छन् : बहुविवाह पुरानो करारमा परमेश्वरले स्वीकार्नु भएको छ अनि परमेश्वरले यस प्रथालाई बन्देज लगाउनु भएको छ । तर परमेश्वरले बहुविवाहको लागि न त अनुमति दिनु भएको छ, न त बन्देज नै गर्नु भएको छ । यसलाई निम्न बुँदाहरूबाट प्रष्टयाउन सकिन्छ ।

१. प्रस्थान २१: १० अनुसार यदि कुनै मानिसले दोस्रो विवाह गर्दछ भने पहिलो पत्निलाई खानेकुरा, लुगाफाटा र दाम्पत्य कर्तव्य पुरा गर्न छाड्नु हुँदैन । यो पदले इस्राएली समाजमा प्रचलित रहेको बहुविवाहका कारण धेरै समस्याहरू आएको तथ्यलाई देखाउँछ । जस्तै पत्निहरूबीच पतिले सम्पत्ति वा खानेकुरामा भेदभाव गर्नु, आर्थिक र सामाजिक समस्याहरू । व्यवस्था १७: १७ अनुसार राजाले धेरै पत्नी बनाउनु हुँदैन । त्यस्तै नयाँ करारको १ तिमोथी ३ र तितस १ मा पनि अगुवाहरूले बहुविवाह गर्न हुँदैन भनेर भनिएको छ । तैपनि इस्राएलका अगुवाहरूले धेरै पत्नीहरू ल्याएका उदाहरणहरू यस प्रकारका छन्: गिदोन (न्यायकर्ता ८: ३०), याईर (न्याय १०: ४), इब्सान (न्याय १२:

९), अब्दोन (न्याय १२: १४), एल्काना (१ शमूएल १: २), बोअज (रुथ), दाऊद (२ शमूएल ११), सोलोमन (१ राजा ११), आदि इत्यादि । यसको अर्थ यो हो कि इस्राएलका अगुवाहरूले परमप्रभुको आज्ञा उल्ङ्घन गरेका थिए । तर साधारण इस्राएलीहरूका लागि के त ?

## ख. बहुविवाहका नकारात्मक पक्षहरू

### १. कुलपिता (Patriarchal Period) को समय भन्दा अगाडि

बाईबल पहिलो बहुविवाहको घटना लेमेखबाट शुरु हुन्छ (उत्पत्ति ४: १९) । लेमेख कयिनका पाँचौ सन्तान थिए । तिनी र तिनका परिवार घमण्डी र हत्याराको रुपमा चिनिन्छ । तिनीहरू सामाजिक र नैतिक रुपमा खराब थिए । कयिनका सन्तानका अनैतिक आचरणहरूको कारणले गर्दा परमेश्वरले जल प्रलयद्धारा सबै नाश गरिदिनुभयो ।

### २. कुलपिता (Patriarchal Period) को समय

बाइबलअनुसार अब्राहाम बहुविवाह गर्ने दोस्रो उदाहरण हुन (उत्पत्ति १६) । अब्राहामले हागारसँग सहवाश गरेर इश्माएलको जन्म भयो । अब्राहामका दुई पत्नी भएका कारण सारा र हागारबीच विवाद आयो । इश्माएलका सन्तान नै इस्राएलका दुश्मनहरू थिए । आज पनि इश्माएलका सन्तानहरू (मुस्लिमहरू) मा बहुविवाह निकै प्रचलित छ र हरेक तर्फबाट समस्याहरू पनि भोगिरहेका छन् ।

एसावले हित्तीका छोरीहरूसँग विवाह गरे (उत्पत्ति २६:३४(३५) र ती स्त्रीहरूका कारण एसावका माता पिता रिबेका र इसहाकको जीवन अमिलो हुन गयो । यहाँ पारिवारिक समस्या देख्न सकिन्छ ।

याकूबका चार जना पत्नीहरू थिए (उत्पत्ति २९:२८(३०): लेआ, राहेल, कमारी बिल्हा र जिल्पा । याकूबको समयमा केही समस्या नभए तापनि तिनको सन्तानहरूका समयमा निकै समस्या देखियो । जस्तै योसेफलाई आफ्नै दाजुहरूले मार्न खोजे र पछि मिश्रमा बेचिदिए । यदि याकूबका एउटै मात्र पत्नी भएको भए त्यस्तो किसिमको घटना हुँदैन थियो ।

### ३. न्यायकर्ताका समयमा

गिदोनले धेरै पत्नीहरू ल्याए ( न्यायकर्ता ८: ३०, ९: ५) र सत्तरी जना सन्तानहरू जन्माए । गिदोन इस्राएलका असल शासक थिए तर धेरै पत्नी र सन्तानहरू भएका कारण तिनका छोरा अबीमेलेक र तिनका आफन्तहरूले गिदोनका कान्छा छोरा बाहेक अरु सबैलाई एउटै ढुंगामाथि काटेर मारे (न्याय ९: ५) । बहुविवाहका कारण आफ्नै परिवारभित्र विध्वंश भएको पाइन्छ ।

एल्कानाका दुई पत्नीहरू थिए (१ शमूएल १:१(२, ६): हन्नाह र पनिन्नाह । हन्नाहका सन्तान नभएका कारण पनिन्नाहले दुःख दिने र खसालेर कुरा गर्ने गर्थिन । यसरी बहुविवाहका कारण परिवारमा कलह उत्पन्न भयो ।

### ४. राजकीय समयमा

दाऊदका धेरै पत्नीहरू थिए (२ शमूएल ३:२-५, ५: १३) । यसरी दाऊद एक राजा भएर पनि व्यवस्था ७:१७ को आज्ञालाई सिधै अवज्ञा गरे । राजाले धेरै पत्नीहरू नल्याउनु भनेर आज्ञा दिएको थियो । दाऊदको जीवनमा जब तिनले बतशेबासँग सहबास गरे, तिनको जीवनको सर्वनाश सुरु भयो । तिनी एक व्यभिचारी र हत्याराका रुपमा चिनिए । त्यतिमात्र होइन कि धेरै पत्नीहरू भएका कारण धेरै सन्तानहरू पनि थिए । तिनका सन्तानहरू धेरै खराबी र दुष्ट स्वभावका थिए । दाऊदका छोरा अमनोनले दाऊदका अर्कापट्टिका छोरी तामारलाई जबरजस्ती करणी गरे (२ शमूएल १३:१४) । त्यसपछि दाऊदका छोरा अब्शालोमले अमनोनलाई मारे (२ शमूएल १३:२२) । यसरी दाऊदका छोराहरूमा हत्या, व्यभिचार, राजगद्दीको लडाई जस्ता समस्याहरू देखा परे । यसरी दाऊद राजा र तिनका सन्तानहरू सामाजिक, नैतिक, र आत्मिकी रुपमा कमजोर भएको पाइयो ।

सोलोमोनका सात सय पत्नीहरू (१ राजा ११: १(१३) र तीन सय उप(पत्नीहरू थिए । सोलोमोनले इस्राएली पत्नीहरू मात्र नभई अन्य देशहरूका छोरीहरूसँग पनि विवाह गरेका थिए । जसका कारण तिनी परमप्रभुबाट नै टाढिन पुगे, “सोलोमोन वृद्ध हुँदा तिनका

पत्नीहरूले तिनको मन अरु देवताहरूतर्फ फर्काइदिए" (११:४) । यसरी सोलोमनले परमप्रभुको दृष्टिमा जे खराव थियो त्यही गरे । त्यसकारण परमप्रभुले सोलोमोनलाई भन्नुभयो, "तेरो मन यस्तै भएको हुनाले र मेरो करार र मेरा विधिहरू, जो मैले तँलाई आज्ञा गरेको थिए, ती पालन नगरेको कारण म निश्चय नै यो राज्य तँबाट खोसेर तल्लो दर्जाको एक जनालाई दिनेछु" (११:११) । यसरी सोलोमोनको बहुविवाहका कारण तिनी र तिनका सन्तान परमेश्वरबाट टाढिए र आन्तरिक समस्याहरू पनि बढे । पछिका राजाहरू पनि बहुविवाहका कारण तिनीहरूका परिवार र राजगद्दी मै समस्या परेको देखिन्छ, जस्तै आहाव, योआश, येहोराम राजा तथा र अरू राजाहरू ।

## निष्कर्ष

पुरानो करारको आधारमा बहुविवाहलाई प्रोत्साहन गरेको पनि देखिदैन र बन्देज गरिएको पनि देखिदैन । तर बहुविवाह निकै प्रचलित भएको पाइन्छ । वास्तवमा बहुविवाहका कारण इस्राएलमा निकै भयावह अवस्थाको सृजना भएको उदाहरणहरू प्रशस्त छन्, जुन हामीले माथि नै उल्लेख गरिसकेका छौं । विशेषगरी आर्थिक, नैतिक, परिवारिक, र आत्मिकी रुपमा निकै समस्या भोगेका उदाहरणहरू पाइन्छ । बहुविवाहभन्दा एकल परिवार पद्धति पुरानो करारमा प्रशस्तै छन् जुन समावेश गरिएको छैन किनभने एकल परिवारमा कुनै समस्या देखिदैन । तसर्थ पुरानो करारमा बहुविवाह गर्नाले यस्ता किसिमका समस्याहरू आउँदछन् भनेर देखाउन खोजिएको हो ।

उत्पत्ति २:२३-२४ अनुसार परमेश्वरले आदमलाई एक हब्बा मात्र उपलब्ध गराएको थियो र उहाँले भन्नुभयो,

**परमेश्वरले मानिसलाई एउटै मात्र पत्नि दिएको प्रष्ट हुन्छ । पति र पत्नि दुईजनाबाट नै एउटा अंग हुन सक्दछ यदि दुईजनाभन्दा बढि भएमा त्यो एउटा अंग हुन सक्दैन । वास्तवमा एउटै अंग हुनु भनेको असल सम्बन्धमा रहेर सधैँभरी एक साथ रहनु हो ।**

मानिसले आफ्ना आमा(बाबुलाई छोडेर पत्निसँग एउटै अंग हुन जानेछ । यसको अर्थचाहिँ परमेश्वरले मानिसलाई एउटै मात्र पत्नि दिएको प्रष्ट हुन्छ । पति र पत्नि दुईजनाबाट नै एउटा अंग हुन सक्दछ यदि दुईजनाभन्दा बढि भएमा त्यो एउटा अंग हुन सक्दैन । वास्तवमा एउटै अंग हुनु भनेको असल सम्बन्धमा रहेर सधैँभरी एक साथ रहनु हो । यदि परमेश्वरले बहुविवाहलाई प्रोत्साहन दिन चाहेको भए आदमलाई दुई वा तीन जनाभन्दा बढी पत्नीहरू दिनुहुन्थ्यो । नयाँ करारमा अझ प्रष्टसँग बहुविवाहलाई नकारात्मक रुपमा प्रस्तुत गरिएको छ । जस्तैः १ कोरिन्थी ७:२ मा "हरेक मानिसको आफ्नै पत्नी होस् र हरेक स्त्रीको पनि आफ्नै पति होस्" । पहिलो तिमोथी ३:२ र तितस १:६ अनुसार अगुवाको एउटै मात्र पत्नी हुनुपर्दछ । बाइबलको नयाँ करार र पुरानो करारलाई समग्रमा हेर्दा सुरुदेखि अन्त्यसम्मको मुख्य सन्देशचाहिँ एकल विवाहलाई नै जोड दिएको छ । तसर्थ आजका विश्वासीहरूले बहुविवाह गर्नु भनेको परमेश्वरको आज्ञालाई उलंघन गर्नुका साथै नेपालको कानुनलाई अवज्ञा गर्नु र परिवारिक, सामाजिक, आत्मिक रुपमा समस्या ल्याउनु हो । अन्त्यमा नैतिक रुपमा पतन हुनु हो ।

# विवाहः अवस्था, ख्रीष्टिय नैतिकता र बाइबलीय दृष्टि



**Dr. Ganga (Prem) Subedi**
Director, Cross Reformed Center

## परिचय

हाम्रो समाजमा विवाहबारे भिन्न-भिन्न बुझाइहरू रहेका छन् । ''मेरो विवाह मेरो निर्णय, मलाई जस्तो ठिक लाग्छ त्यसो गर्न म स्वतन्त्र छु'' भन्ने धारणा हाम्रो समाजमा स्थापित गर्न खोजेको पनि देखिन्छ । बिस्तारै बिस्तारै यो विचार वा धारणा मण्डलीमा पनि प्रवेश गरेको अवस्था छ । प्रेरित पावलले रोमीको पुस्तकको अध्याय १२:२ का उल्लेख गर्नुभएको तथ्यको विपरित अर्थात संसारको ढाँचामा चल्न खोजेको पो हो कि ? बाइबलको निर्देशन, "संसारको ढाँचामा नचलेर आफ्नो मनमा नयाँ भई पूर्णरुपमा परिवर्तित हुने र परमेश्वरको असल, ग्रहण योग्य र सिद्ध इच्छा के हो ? सो जान्न सक" विवाहका सम्बन्धमा पनि लागु हुन आउँदछ तर हिजो आज परमेश्वरको सिद्ध इच्छा जान्ने र पूर्णरुपमा परिवर्तित हुनुभन्दा पनि आफ्नो इच्छा पूरा गर्न वा गराउन खोज्ने प्रवृत्ति पनि देखिएको छ । यस आलेखमा विवाहका सन्दर्भमा भए-गरेका प्रयत्नहरू र यस सम्बन्धी बाइबलीय दृष्टिकोणवाट हेर्ने प्रयास गरिएको छ ।

विवाहको तयारी, नैतिकता र विधिका सम्बन्धमा निम्न ३ अवस्था वा घटनाहरू प्रस्तुत गरिएका छन् र यी घटना वा अवस्थाहरूमाथि सामयिक छलफल र बाइबलीय दृष्टिकोण पस्किएको छ ।

## अवस्था अध्ययनः घटना एक

मण्डलीका युवा सदस्य सागर र प्रिस्किला मण्डलीको जवान संगतिमा पनि सक्रिय थिए । समय वित्दै जाँदा उनीहरूले एक अर्कालाई मन पराए । उनीहरूको सम्बन्धबारे मण्डलीका अगुवाको कानमा पनि कुरो पुग्यो । त्यसपछि अगुवाले सो विषयमा थप जानकारी लिनुभयो र उनीहरूसँग छलफल र प्रश्नोत्तर पनि गर्नुभयो । त्यसपछि शुरुभयो, विवाह सम्बन्धी ख्रीष्टिय दृष्टिकोण, त्यस सम्बन्धी सल्लाह र विवाह परामर्श सेवा । यी सबै कुराहरूले सागर र प्रिस्किलालाई धेरै सहायता भयो । ख्रीष्टिय विवाह के हो, कसरी गर्ने, विवाह र पवित्रता सम्बन्धमा धेरै कुरा सिक्ने अवसर भयो । यी सबै कुराबाट सागर र प्रिस्किला मात्र हैन मण्डलीका अरु धेरै जनालाई पनि आशिष र उत्साहको वातावरण तयार भयो । विवाह आदरणीय र पवित्र बनाउनको लागि समय पनि भयो, प्रशस्त तैयारी पनि गर्न सकियो । दुवै पक्ष (वर र बधु) र मण्डलीको सल्लाहमा उपयुक्त दिनमा उनीहरूको विवाह पवित्र र आदरणीय हिसावले सु-सम्पन्न भयो । आज धेरै वर्षपछि पनि सागर र प्रिस्किला सो तयारी अनुशासन र शिक्षालाई महत्वका सम्झन्छन् ।

## अवस्था अध्ययनः घटना दुई

गाउँकै अर्को मण्डलीमा अमृत एक दह्रो विश्वासी र भरपर्दो युवा अगुवा थियो । विवाह योग्य उमेर भएकोले घर परिवार र मण्डलीबाट उसको विवाहबारे सामान्य छलफल र चर्चा हुन थालेको थियो । यही बीचमा अमृत युवा सम्मेलनमा भाग लिन गाउँभन्दा धेरै टाढा गयो । जहाँ अरु धेरै मण्डलीबाट जवानहरू भेला भएका थिए । सम्मेलन आत्मिक अनि भेटघाटका हिसावले राम्रो हुँदै थियो । त्यही सम्मेलनको वेलामा अमृतको अर्को मण्डलीकी सदस्य रितासँग भेटघाट तथा चिनजान भयो । उनीहरू आपसी भेटघाटलाई बाक्लो बनाउदै गए र सम्बन्धलाई पछिसम्म लैजानका लागि फोन नम्बर.आदान-प्रदान गरे । सो निकटतालाई सम्मेलनपछि पनि निरन्तरता दिँदै गए तर यो सम्बन्ध साथी-साथी जस्तो मात्र थिएन । उनीहरू एक अर्कालाई एकदमै मन पराउन थालेका थिए र सँगसँगै जिउने बाँचा गर्न थालेका थिए । एक अर्का विना “बाँच्नै नसक्ने” कुरा एक अर्कालाई बताउन थाले । तर दुबै जनाले यो सम्बन्धलाई न त आफ्नो परिवारलाई न त आ-आफ्नो मण्डलीलाई नै भने । सबै कुरा उनीहरू अर्थात अमृत र रिताको बीचमा गुपचुप मै रह्यो । यद्दपि उनीहरू दुबै जना विश्वासमा प्रतिवद्ध रहेको बताउँदै थिए । सम्बन्ध झाँगिदै जाँदा अब विवाह गर्नु पर्छ भन्ने टुंगोमा पुगे तर खीष्टिय विधि परम्परा केही पनि पुरा भएको थिएन । यो अवस्थामा परामर्श वा सल्लाहको गुञ्जायस हुने कुरा पनि भएन । दिनदिनै उनीहरू हतारिन थाले । रिताको परिवारले केही थाहा पाएपछि के कसो हो भनेर सोधपुछसम्म गरे । यही अवस्थामा उनीहरू भागेर “विवाह” गर्ने टुंगोमा पुगे र आ-आफना घरबाट बाहिरिए र “विवाह” गरे । अहिले दुबै जनाले आफुहरू विवाहित रहेको कुरा दुबै तिरका मण्डलीका अगुवालाई जानकारी दिएका छन् । आफुहरूको यो विवाहलाई विधिपूर्वक मण्डलीमा सुसम्पन्न गरी दिन अनुनय विनय गरेका छन् तर दुबै मण्डलीका अगुवाजनहरूलाई सहज लागि रहेको छैन । के कस्तो अनुशासनमा राख्ने होला वा यो गाँठो कसरी फुकाउने होला भनी सोच विचार अनि प्रार्थना गरी रहेको छन् । अमृत वा रिताबाट विवाह सम्बन्धी अनुरोध “दवाव” कै रुपमा आउने गरेको छ । “हामीले पाप र अपराध त गरेका छैनौं नि खाली विधि नपुऱ्याएको मात्र त हो नि” ! भन्दैछन् । अब यो अवस्थामा मण्डलीलेके निर्णय लिने होला । कसरी ‘पवित्र’ र ‘आदरणीय’ पारी दिने होला यो विवाहलाई ?

## अवस्था अध्ययनः घटना तीन

यो पवित्र मण्डलीका युवा सदस्य सुरजको प्रेम र विवाहको सन्दर्भ सम्बन्धी अवस्था हो । सुरज घरको जेठो छोरा, बाबा-आमा अनि उसको बहिनी पनि पवित्र मण्डलीका प्रतिवद्ध विश्वासी । सुरजप्रति सबैको चासो छ - परिवारमा र मण्डलीमा पनि । ऊ पढ्नमा पनि अब्बल नै थियो । +२ राम्रो नम्बरमा पास गरेर स्नातक सक्ने क्रममा थियो । ऊ मण्डलीको आराधना झुण्डमा पनि सक्रिय थियो । कलेजमा पढ्दा-पढ्दै एक जना सहपाठी मेलिनासँग उसको हिमचिम बढ्न थाल्यो ।

मेलिना हिन्दु परिवारबाट थिइन् । उनी र उनको परिवार खीष्टिय हुने कुरा सोच्न पनि सक्दैन किनकि उनीहरूको नाता-गोता सम्बन्ध नै त्यस्तै थियो । सुरज यो कुरामा जानकार थियो तर मेलिनाको प्रेममा मोहित थियो । उसले कहिले काहीं उसको विश्वासकोबारेमा मेलिनालाई बताएको थियो । तर सो कुरालाई मेलिनाले महत्व दिएकी थिइन र प्रेममा धर्म नमिसाउन सुरजलाई सम्झाउँथिन् । उनको सोचाइमा त हुन पनि हो, उनीहरूको पवित्र प्रेममा धर्मले किन दखल दिने ? सुरज बडो दोधारमा थियो किनकि ऊ यो विश्वासी र अविश्वासी बीचको प्रेम सम्बन्धलाई टुटाउन पनि सक्दैनथ्यो न त आफ्नो विश्वासलाई नै छोड्न सक्थ्यो । समय वित्दै गयो र यो सम्बन्ध पनि झन झाँगिदै थियो । बेला बेलामा सुरज सोच्ने गर्थ्यो कि मेलिनालाई पनि एक दिन प्रभूले चुन्नु हुनेछ । यो सम्बन्ध उसले आफ्नो परिवारलाई बताएको थियो । तर मण्डलीका पास्टर अगुवालाई बताउने हिम्मत जुटाउन सकेको थिएन । तर जसो तसो सो कुरा अगुवाको कानमा पनि पुग्यो । उनीहरूले सुरजलाई सम्झाउने कोशिस गरे तर सुरजलाई एकदम गाह्रो भएको थियो । न त उ मेलिनालाई खीष्टियन बनाउन सक्थ्यो । न त त्याग्न नै । “भोली कुनै दिन मेलिनालाई पनि प्रभूले चुन्नु हुनेछ” भन्ने ‘विश्वासमा’ मेलिनासँग विवाह गर्ने निश्चयमा पुग्छ र उनीहरूको विवाह सम्पन्न हुन्छ ।

## छलफल तथा विवेचना

माथि प्रस्तुत गरिएका अवस्थाहरू हाम्रै समाजमा भएका यथार्थ घटानाहरू हुन् । प्रथम अवस्थामा त हामीलाई त्यति सरोकार वा चिन्ता नहोला किनकी दुबैले आफ्नो विश्वासअनुसार मण्डली र अगुवाको परामर्श र सल्लाहमा विवाह सम्पन्न गरेका छन् र दुबैजना खुशी साथ वैवाहिक जीवन विताइ रहेकाछन् । तर दोश्रो घटनामा बताइएको अवस्था पनि हाम्रै समाज र मण्डलीको अवस्था हो । जहाँ केटा र केटी आफूखुशी निर्णय लिन्छन् । आफू खुशी भागेर विवाह गर्छन । अनि पछि मात्र सो विवाहलाई पवित्र र आदरणीय बनाई दिन रोइ कराई गर्दछन् । "दुई जना विश्वासी एक अर्कोलाई मन पराए, भागे, विवाह गरे यसमा कसैको किन आपत्ति" सम्म भन्न अप्ठ्यारो मान्दैनन् । यो अवस्था सोचनीय छ किनकि विवाह पूर्व गर्नु पर्ने विषयहरू पनि त्यत्तिकै महत्वपूर्ण छन् ।

तेश्रो घटना त झन समस्यामूलक देखिन्छ । अझ कतिपय अवस्थामा हतारमा गरिएका वप्तिष्माहरू अर्थात् विवाहको लागि नै बतिष्मा दिएर "तयार" बनाइएका बेहुला-वेहुली पनि देख्न थालिएको छ । अथवा पछि विश्वासमा आउने (प्रभूले चुन्नु हुनेछ भन्ने) आशामा गएिको विवाहहरू पनि देखा पर्न थालेका छन् ।

विवाह गर्नु पूर्व हुनु पर्ने वा गरिनु पर्ने कुराहरु नगर्ने अर्थात् विश्वासमा परिपक्वता, उपयुक्त छनौट, सल्लाह, परामर्श, विधि प्रकृया, तरिका केही पनि पुरा नगर्ने बरु हतारिएर आफू खुशी विवाह गर्ने, भाग्ने र 'विवाह' गर्ने अनि पछि मात्र पवित्र वा आदरणीय बनाई दिन फुर्सदमा अनुरोध गर्ने प्रवृत्ति निश्चय नै वाइवल सम्मत छैन । किनकि धर्मशास्त्र बाइवल भन्दछ, 'विवाह चाँहि सबैको बीचमा आदरणीय होस्, वैवाहिक सम्बन्ध नबिटुलियोस्, किनकि दुराचारी र व्यभिचारीहरुको इन्साफ परमेश्वरले गर्नुहुन्छ (हिब्रु १३:४) विवाह सबैको बीचमा (दुई जनाको बीचमा मात्र हैन) आदरणीय र पवित्र हुन जरुरी छ

...तर व्यभिचार सम्बन्धी परीक्षा अनेक भएका हुनाले हरेक मानिसको आफ्नै पत्नी होस र हरेक स्त्रीको पनि आफ्नै पति होस् । (१ को. ७:२) ...जो प्रभूसँग एक हुन्छ त्यो उहाँसँग आत्मामा एउटै हुनेछ । व्यभिचारदेखि अलग बस । अरु जुनसुकै पाप जो मासिले गर्दछ, त्यो शरीरबाट बाहिर हुन्छ तर व्यभिचार गर्ने मानिसले आफ्नै शरीरको बिरुद्धमा पाप गर्दछ । तिमीहरुको शरीर पवित्र आत्माको मन्दिर हो, जुन पवित्र आत्मा तिमीहरुले परमेश्वरबाट पाएका छौ, र उहाँ तिमीहरू भित्र वास गर्नुहुन्छ भन्ने के तिमीहरूलाई थाहा छैन? तिमीहरु स्वयं आफ्नै होइनौ । मोल तिरेर किनिएका हौँ । यसकारण तिमीहरुका शरीरमा परमेश्वरको महिमा गर (१ को. ६:१७-२०) । वैवाहिक सम्बन्ध बाहेकको यौन सम्बन्ध वर्जित छ ।

## उपसंहार

बाइबल धर्मशास्त्रका यी लगायत अन्य पदहरूले विवाह पवित्र र आदरणीय हनुपर्ने कुरामा जोड दिन्छन् । विवाह पुर्व यौन सम्पर्क, विवाहको लागि भाग्नु वा आफूखुशी विवाह गरेर पछि पवित्र वा आदरणीय बनाइदिने कुरा स्वभाविक हुन सक्दैनन् । त्यसैगरी माया प्रेमको जालमा परेर परमेश्वर प्रतिको विश्वासलाई कमजोर बनाउने कुरा पनि स्वीकार योग्य हुनसक्दैन । विवाह बाहिरको यौन सम्बन्ध त झन समस्या मुलक (पाप कर्म) हुने नै भयो । त्यसैगरी रित पुऱ्याउन वा विधि वा नियमका लागि मात्र हतारमा विवाह कै लागि गरिने/दिइने बप्तिष्मा पनि स्वभाविक हुन सक्दैन । पछि विश्वासमा आउने कुरा अर्थात परमेश्वरले पछि गर्ने वा गर्न सक्ने कुरामा शंका होइन, तर हामीले अहिले पुरा गर्नुपर्ने जिम्मेवारीमा जोड दिन खोजीएको हो ।




# मान्छे म

सुनिता तामाङ
(B.Th, 2nd Year, RPS)

आएको छु शिर झुकाई प्रभुमा
संसारको सबै कुराबाट हारेको मान्छे म
जब टेके मैले पाइला प्रभुमा
स्वकेन्द्रित इच्छा चाहना मारेको मान्छे म

आगो हो पबित्र आत्मा परमेश्वर
त्यहि आगोले आत्मा खारेको मान्छे म
सयौ पटक खोला किनार अनि भन्ज्याङ्ग देउराली
धाऊदा धाऊदा येशुमा आइपुगि तङ्गरिएको मान्छे म

आत्मिक दौड धुपमा शुद्ध पबित्र हुन
सेलरोटी झै तेलमा तारेको मान्छे म
चेलापन र आत्मिक तालिममा हुन
खीष्टको अनन्त जुवामा नारिएको मान्छे म



# पल्टनमा मेरो पिडा

खीष्टमस आयो भन्छन सबै आफु जागिर तिर
छुट्टी पाउने हो कि हैन पर्न थाल्यो पिर

दशै, तिहार खीष्टियन भनि छुट्टी मलाई देन
पोहोर सालको खीष्टमस मानी नेपालमै थेन

हिजो साँझ मात्र आमाले फोन गरिन्
छुट्टी मेरो छैन भन्दा बहिनी चिन्तामा परिन्

बुवाले नि फोन गरि छुट्टीवारे सोधे
भन्दै थिए सबै जना क्यारोल खेल्न गए

खीष्टमसको छुट्टी छैन नेपाल सरकार भन्छ
सानो भाइ औंला भाच्दै दिनहरू गन्छ

पल्टनमा परे म एक्लो खीष्टियन
छुट्टी पो नमिल्ला कि भनि लाग्न थाल्यो टेन्सन

सेवा गर्छु दिलोज्यानले कर्तब्य नि बराबर
खीस्टमसमा मलाई पनि छुट्टी देऊ सरकार

कोहीलाई काखा कोही पाखा कस्तो यो तिरस्कार
नेपाली नै हो म पनि, खोइ त मेरो आधिकार??

# सम्बन्ध विच्छेद र पुनर्विवाह



**Eld. Umesh Chemjong**
Faculty, RPS

### 'परमेश्वरले सम्बन्ध विच्छेदलाई घृणा गर्नुहुन्छ' (मलाकी २ः १६) ।

परमेश्वरको वचनअनुसार सम्बन्ध विच्छेद र दोस्रो विवाह उहाँको बिरुद्ध पाप अथवा अनाज्ञाकारिता हो । यसकारण, सम्बन्ध विच्छेद गर्नुहुदैन । परमेश्वरले दिनु भएको विवाहको करारलाई पालन गर्न परमेश्वरको प्रेम, बचन, प्रार्थनासहित श्रीमान-श्रीमती बीच निरन्तर बातचित र प्रेमको कुराहरू हुनुपर्दछ । साथै प्रभुको आज्ञामा स्थिर रहनु पर्दछ भन्ने कुरामा यस लेखले जोड दिएको छ ।

अनाज्ञाकारिताले संसारमा पाप ल्यायो र पापले मृत्यु । त्यसरी नै संसारमा पाप र अनाज्ञाकारिताले विवाहमा फाटो, सम्बन्ध विच्छेद र दोस्रो-तेस्रो विवाहलाई निम्त्याएको छ । वैवाहिक करार परमेश्वरको आज्ञा भएकाले । यो आज्ञालाई हामीले जीवनभरि मान्नु पर्छ । संसारिक परिभाषा अनुसार सम्बन्ध विच्छेद भनेको कानुनीरुपमा आफ्नो विवाहलाई तोड्नु अथवा आफ्नो औपचारिक विवाहबाट अलग् हुनु हो भने बाईबल धर्मशास्त्रिय सिद्धान्त अनुसार सम्बन्ध विच्छेद भनेको परमेश्वरको करारलाई तोड्नु र परमेश्वरको आज्ञाबाट अलग हुनु हो ।

आजको समयमा कतिपय विश्वासीहरूले सम्बन्ध विच्छेद र अर्को विवाहलाई सहजरुपमा लिएका छन् र बाइबलीय शिक्षालाई आफ्नै स्वार्थ अनुकुल बनाउने कोशिस गरेकाछन् । धेरै जसो विश्वासीहरूले व्यवस्था २४ः १–४ अधार बनाएर सम्बन्ध विच्छेदको वकालत गरेको पाइन्छ जहाँ आफ्नो विवाह गरेकि स्त्रीमा केही खोट पाएर त्यो अशुद्ध भएकि हुनाले त्यसलाई त्याग्ने, चलनलाई मोशाले यथावत राखेर संस्कृतिको सुरक्षाको लागि सम्बन्ध विच्छेदलाई अनुमति दिएका छन् । तर मोशाले सम्बन्ध विच्छेद गर्नु नै पर्छ भनेर आज्ञा चाहिँ दिएको छैन । यो सम्बन्ध विच्छेदलाई स्विकार गर्नुको कारण चाहिँ स्त्रीको हित, सुरक्षा र स्त्रीको दोस्रो विवाहको लागि मात्र हो । तर आजको समयमा भने अधिकांश विश्वासीहरूले यो खण्डलाई राम्रोसँग नबुझ्ेर अथवा परमेश्वरको वचनको भय नमानेर सम्बन्ध विच्छेद र अर्को विवाह गरिरहेका छन् ।

नयाँ करारमा येशू खीष्टले सम्बन्ध विच्छेद र अर्को विवाहलाई "व्यभिचार" भन्नु भएको छ । मत्ती ५ः ३२; १९ः ३–१२ मा "जुन कुरालाई परमेश्वरले एक बनाउनु भएको छ, कुनै मानिसले यसलाई अलग नगरोस" भनेर भन्नु भएको छ । यसरी अलग हुनुलाई व्यभिचारको रुपमा लिइएको छ र जुनचाँहि परमेश्वरको विरुद्धमा घृणास्पद अपराध र पाप हो । यसो गरे हामीले परमेश्वरको आज्ञालाई उल्ङ्घन गर्दछौ (ऐ .आर मिल्लार्ड, पेज ७३५) ।

रोर्बटसनको अनुसार (२०७-२०९) प्राचिन यूनान, रोम र पूर्वी सभ्यतामा सम्बन्ध विच्छेद र दोस्रो विवाहलाई मान्यता दिएको थियो । ती समयमा व्यभिचार र स्त्रीले विवाह पुर्व कुमारीत्वपन गुमाएको पाइएमा श्रीमानलाई सम्बन्ध विच्छेद गर्ने अनुमति अथवा अधिकार थियो । त्यसैले नयाँ नियमको समयका समाई (Shammai) समूहका शिक्षकहरूले व्यवस्था २४ अनुसार सम्बन्ध विच्छेद र दोस्रो विवाहलाई व्यभिचार र शारीरिक सम्बन्ध भएको अवस्थामा स्विकृति दिएका थिए भने हिलेल (Hillel) समूहले भने कुनै पनि अवस्थामा सम्बन्ध विच्छेद गर्न सक्ने शिक्षा र मान्यता दिएका थिए । तर खीष्ट येशूले यी दुबै शिक्षाहरूको विचार र मान्यतालाई अस्विकार गर्नुभयो ।

पुरानो करारमा होशेको पुस्तकअनुसार परमेश्वरले इस्राएललाई व्यभिचारिणी स्त्रीको रुपमा प्रस्तुत गर्नुभएको छ, जसले बारम्बार पाप गरे तापनि आफ्नी श्रीमतीको रुपमा जस्तै क्षमा दिदै ग्रहण गर्नुभएको छ । हामीलाई पनि आफ्नो वैवाहिक करारमा विश्वासयोग्य हुन आज्ञा दिनुहुन्छ । यो आजको स्वार्थपूर्ण संसारमा जल्दो बल्दो उदाहरण हो, जसले विवाह करारलाई त्याग्न खोज्दछ र परमेश्वरको आज्ञालाई उल्ङ्घन गरि अर्को विवाह गर्दछ ।

रोर्बटसनकाअनुसार (१९४-१९५) विवाह करारलाई तोड्नु अथवा सम्बन्ध विच्छेदको मुख्य कारण तनाव र झैझगडा जसले विवाहको करारमा फाटो त्याउँछ र यसको विशेष कारण चाहिँ हाम्रो पुरानो मनुष्यत्वको स्वार्थपूर्ण र पापमय स्वभाव हो भनेर भन्दछन् । सल्लाहकार नोरमेन विनसेन्ट पिल्लेअनुसार "विवाह करारमा सम्बन्ध विच्छेद हुनुको मुख्य कारण परिपक्वताको अभाव रहेको बताउनु हुन्छ ।"

यसरी समग्रमा भन्नुपर्दा परमेश्वरले सम्बन्ध विच्छेदलाई घृणा गर्नुहुन्छ (मलाकी २: १४–१६) । आज कति प्रभुका जनहरूलाई यो धर्मशास्त्रको खण्ड थाहा हुदाहुदैं पनि आफ्नो स्वार्थ र इच्छाको कारणले गर्दा परमेश्वरको वचनको उल्ङ्घन गरिरहेका छन् । साथै आफ्नो विवाह करारबाट अलग भएर परमेश्वरको आज्ञालाई त्यागि पराई स्त्रीसँग सम्झौतामा बसिरहेका छन् र कतिले दोस्रो विवाहलाई रोजेका छन् । आज हाम्रो देश नेपालमा पनि विश्वासीहरूको माझमा सम्बन्ध विच्छेदको तथ्याङ्क निकाल्नु पर्‍यो भने धेरै हुनसक्छ । म आफैले पनि सम्बन्ध विच्छेद र अर्को विवाह गरेका धेरै व्यक्तिहरू देखेको छु । कतिपय मण्डलीले नै सम्झौतामा आएर अथवा गोपनियतामा रहेर श्रीमान र श्रीमतीको सम्बन्ध विच्छेद र दोस्रो विवाह गराएका पनि छन् ।

अहिलेको समयमा हाम्रो देश नेपालमा पनि वैदेशिक रोजगारको कारणले गर्दा कति विश्वासी परिवारहरूको घर बिग्री रहेको देखेको छु, जसमा श्रीमती अरुसँग गएको अथवा श्रीमानले कुनै पनि कानुनी प्रकिया र मण्डलीको परामर्श विना अर्को स्त्रीसँग विवाह गरेका छन् । यस्तो प्रकारको विवाह अथवा सम्बन्ध बाइबलीय मूल्यमान्यता बिरुद्ध छन् । नेपालको मण्डलीहरूमा विवाह सम्बन्धि परामर्श, र शिक्षाको अभावले गर्दा यस्ता घटना क्रमहरूमा वृद्धि भइरहेको पाउदछौं ।

नेपालका कतिपय समुदयहरूमा पहिलेदेखि नै दोस्रो विवाह र सम्बन्ध विच्छेदलाई सहज रुपमा लिदै आएको हुनाले मानिसहरू यसप्रति गम्भिर देखिएको छैनन् । रुढीबादी, जातीय परम्परा, अशिक्षा र कानुनी ज्ञानको कमी, समाजको डर अथवा श्रीमानको हिंसाले महिलाहरू यसको बिरोध गर्नुको सट्टा चुप बस्न बाध्य रहेका छन् भने कतिले पुनर्विवाहलाई स्विकार गरेका छन् । साथै नेपालको कानुनले पनि कतिपय अवस्थामा सम्बन्ध विच्छेद र दोस्रो विवाहलाई स्विकृति दिएका छन् । तर हामी खीष्टिय जनहरूको लागि नेपालको कानुनभन्दा पनि माथि परमेश्वरको आज्ञा र नियम छ तर यसको अर्थ यो होइन कि हामीले देशको कानुनलाई उल्ङ्घन गर्नुपर्छ ।

त्यसैले पावल प्रेरितले १ कोरिन्थी ७: १०-११ मा सम्बन्ध विच्छेदको सिद्धान्तलाई अस्विकार गर्दै यसो भनेका छन् "यदि एक जनाले छोड्छन भने अर्को पक्षसँग मात्र दुईवटा विकल्प रहन्छ, जुन चाँहि कि त उ अविवाहित रहनुपर्छ अथवा आफ्नो श्रीमान या श्रीमतीसँग पूर्ण मिलाप गर्नुपर्छ । यदि यसो नगरेर दोस्रो विवाह गर्दछन भने त्यो व्यभिचार हो ।" यसकारण, बाइबलमा कतैपनि परमेश्वरले विवाह करारलाई तोडेर, दोस्रो विवाहको

लागि आज्ञा दिनु भएको छैन, तर पुनर्मिलनको लागि उत्साह दिनु भएको छ ।

अन्त्यमा, बाइबलमा कतिपय धार्मिक अगुवाहरूले आफ्नो हृद्धय कठोर र स्वार्थी स्वभाव भएको कारणले र त्यति बेलाको सँस्कृति, प्रथा र चलनअनुसार स्त्रीको सुरक्षाको लागि सम्बन्ध विच्छेद र दोस्रो विवाहलाई मान्यता दिएका थिए । तर हामी विश्वासीहरूले मानिसको शिक्षाभन्दा पनि परमेश्वरले दिनु भएको शिक्षालाई महत्व दिनु पर्दछ र उहाँको शिक्षा सम्बन्ध विच्छेद र अर्को विवाह नभई पुनर्मिलन हुनु पर्दछ भनी भन्नु भएको छ । किनभने हामी कोही पनि परिपक्व छैनौ र हाम्रो विवाहलाई सुरक्षित राख्न र शैतानको आँखा लाग्नबाट जोगाउन हामीले श्रीमान-श्रीमतीसँगै बसेर प्रार्थना गर्ने, बाइबल अध्ययन गर्ने, अनि लगातार बातचीत र दाम्पत्य जीवनलाई रोमान्चक बनाउन पनि समय दिनु पर्छ । यसो गर्नाले मलाई आशा छ कि सम्बन्ध विच्छेद र दोस्रो विवाहमा कमी आउन सक्छ । साथै प्रभुका छोरा छोरीहरूले आफ्नो विवाह करारमा परमेश्वरलाई साक्षी राखी उहाँको आज्ञामा स्थिर रहनु पर्दछ । स्वास्थ्य वैवाहिक जीवनका लागि मण्डलीमा विभिन्न कार्यक्रमहरूको आयोजना गर्नुपर्दछ। साथै दाम्पत्य जीवनमा रहेकाहरूले परामर्शदाताहरूसँग नियमित भेटघाट गरेर वैवाहिक जीवनका उतार-चढावहरूका बारेमा सल्लाह सुझाव लिनुपर्दछ । यसो गर्नाले परमेश्वरले हाम्रो बैवाहिक जीवनमा लगातार आशिष दिनु हुनेछ र उत्पत्ति १: २७ अनुसारको जीवन पुरा हुन्छ ।

# RPS मा येशुसँग जम्काभेट



**Mr. Anil Tamang**
Alumni, RPS

सबै मानिसहरूले येशूको बारेमा सुनेका छन् तरपनि उहाँको बारेमा उनिहरूको बुझाई फरक-फरक रहेको तथ्यलाई मैले महसुस गरेको छु। मलाइ पनि लाग्थ्यो कि मैले येशूलाई राम्रोसँग चिनेको छु। तर जब म ईश्वरशास्त्रको अध्ययनको लागि RPS मा भर्ना भए अनि मैले थाहा पाए कि येशुप्रतिको मेरो बुझाई सिमित रहेछ। सेमिनारीका मेरा दाजुहरूले येशुसँग जम्काभेट भएको र येशूसँग भेटेपछि उहाँहरूको जीवन परिवर्तन भएको कुरा सुन्दा म छक्क पर्थे। तर उहाँहरूले येशूलाई भेटनु भएको म सोच्ने गर्थे। उहाँहरूले पावलले जस्तै दमास्कसको बाटोमा जादैगर्दा येशुलाई भेटेजस्तै भेट्नुभयो कि ? हाम्रा बिहानी प्रार्थनाहरूमा तथा मानिसहरूको गवाहीहरूमा भेट्नुभयो कि ?

अचम्मको कुरा सबैसँग भेट गर्नुहुने येशू RPS मा अध्ययन गर्दै जाँदा मसँग पनि जम्काभेट गर्नुभयो बिभिन्न तरिकाले भेट दिने प्रभु येशूले। मसँग बाइबलद्वारा भेट दिनुभयो। उहाँको अनुग्रहले जसरी मैले बाइबल अध्ययन बिधिहरू सिक्ने मौका पाए, ती बिधिहरूलाई गम्भिररुपमा अध्ययन गर्दैगर्दा मैले पनि थाहा पाएँ कि येशू त शरीरमा आउनु भएको परमेश्वर हुनुहुन्छ। यसैगरि म यूहन्नाले लेखेका पुस्तक र पत्रहरूमा, हिब्रू, सुसमचारका पुस्तकहरू र पावलले लेखेका पत्रहरूमा व्याख्यात्मक बिधि अपनाउदै थिएँ, मैले बुझेँ कि परमेश्वरले आफैलाई आफ्नो पुत्र येशू ख्रीष्टमा प्रकट गर्नु भएको रहेछ। यसरी येशूले पनि मसँग RPS मा वचनद्वारा भेट दिनुभयो।

मैले ख्रीष्ट केन्द्रित बाइबल अध्ययन बिधि सिकेपछि पुराना करारका पुस्तकहरूले पनि येशु आउँदै हुनुहुन्छ र नयाँ करारमा बिशेषगरि सुसमाचारका पुस्तकहरूमा येशू आउनु भएको छ र के-के गर्नुभयो भन्ने कुरा बुझेँ। बिशेषतः पावलका पत्रहरूद्वारा येशु किन मानिसको शरीरमा आउनुभयो भन्ने सत्यता थाहा गरे। साथै प्रकाशको पुस्तकमा चाँहि उहाँ फेरि पूर्णतामा आफ्नो राज्य ल्याउन फेरि आउँदै हुनुहुन्छ भन्ने तथ्य मलाई स्पष्ट भयो। यसरी सम्पूर्ण बाइबलले मलाई गवाही दियो कि परमेश्वरले आफैलाई येशूमा कसरी प्रकट गर्नुभएको छ। बिशेषगरि यूहन्नाको सुसमाचार १ अध्यायमा येशू (वचन) परमेश्वर हुनुहुन्छ, जसले शरीर धारण गर्नुभयो भन्ने तथ्यलाई प्रकट गर्दछ। यसर्थ नयाँ करारले येशू पूर्णरुपमा परमेश्वर पूर्णरुपमा मान्छे, जो पापरहित परमेश्वरका पुत्र हुनुहुन्थ्यो भने यथार्थतालाई छलाङ्ग बनाइसक्यो। परमेश्वरले उहाँलाई हाम्रो पापको

बलिको रुपमा पठाएर हाम्रो लागि धार्मिकताको स्रोत बन्नुभयो । मसँग जम्काभेट गर्नुभएको परमेश्वर अन्त कतै नभएर बाइबलका बिभिन्न पस्तकहरू, खण्ड वा पदहरूद्वारा नै प्रकट हुनुभयो । बाइबल नै परमेश्वरको जीवित गवाही हो । मैले यो गवाहीमा जोड दिएको कुरा यही नै हो । येशु कसरी संसारमा आउनुभयो, उहाँले कसरी आफ्नो सेवाकाई पुरा गर्नुभयो, कसरी हाम्रो लागि क्रुसमा मर्नुभयो, तेस्रो दिनमा बौरी उठ्नुभयो र स्वर्गमा चढिजानुभयो । येशूसँगको भेटलाई जोड् दिइरहँदा मैले त्रिएक परमेश्वरलाई इन्कार गरेको होइन । बरु पिता परमेश्वर, पुत्र परमेश्वरमा प्रकट हुनुभयो र हाम्रो बिचमा बास गर्नुभयो भनेको हुँ । येशूले भन्नुभयो "पिता र म एकै हौं" । त्यसैले जसले येशूलाई परमेश्वरका पुत्र भनी स्विकार गर्छ त्यसमा परमेश्वर बास गर्नुहुन्छ । यही सुसमाचार नै परमेश्वरलाई भेट्ने एकमात्र बाटो हो । यो बिषयमा बाईबलले प्रष्टरुपमा प्रशस्त मात्रामा बोलेको छ ।

येशू स्वर्ग जानु भएपछि उहाँको सेवाकाईको अन्त्य भएन तर उहाँका चेलाहरूमा प्रतिज्ञाअनुसार पवित्र आत्माको प्रेरणा र अगुवाईद्वारा मण्डलीलाई अझ बलियो र सक्रिय बनाउनुभयो । रहस्यमय कुरा के रहेछ भने मण्डली चाँहि ख्रीष्टको शरीर रहेछ र येशू चाँहि शिर । वर्तमान समयमा परमेश्वर संसारमा प्रकट हुने प्राथमिक बाटो चाँहि मण्डली नै हो । जब मण्डलीमा बचन प्रचार गरिन्छ तब परमेश्वर प्रचारिनु हुन्छ । प्रचारिएको बचनद्वारा परमेश्वर हामीकहाँ प्रकट हुनुहुन्छ । मण्डली, जहाँ परमेश्वर बास गर्नुहुन्छ, त्यहि नै उहाँलाई खोज्नेहरूले चंगाई, आशा, अनुग्रह र सुसमाचार पाउँदछ । यसरी मण्डलीको शिर भई येशु ख्रीष्टले मण्डलीलाई परिचालन गर्नुहुन्छ । येशूका चेलाहरू, पावल र अन्य मानिसहरू हुँदै सुसमाचार प्रचार हुँदै-हुँदै, मण्डली अहिले हामीसम्म आइपुग्यो र शरीरमा आउनुहुने हाम्रो उद्धारकर्ता परमेश्वरले उहाँको अनुग्रहमा हामीसँग जम्काभेट गर्नुभयो ।

**वर्तमान समयमा परमेश्वर संसारमा प्रकट हुने प्राथमिक बाटो चाँहि मण्डली नै हो । जब मण्डलीमा बचन प्रचार गरिन्छ तब परमेश्वर प्रचारिनु हुन्छ । प्रचारिएको बचनद्वारा परमेश्वर हामीकहाँ प्रकट हुनुहुन्छ । मण्डली, जहाँ परमेश्वर बास गर्नुहुन्छ, त्यहि नै उहाँलाई खोज्नेहरूले चंगाई, आशा, अनुग्रह र सुसमाचार पाउँदछ । यसरी मण्डलीको शिर भई येशु ख्रीष्टले मण्डलीलाई परिचालन गर्नुहुन्छ ।**

वास्तवमा उहाँमा पश्चताप र बिश्वास गर्नेहरूले उद्वार पाउदछन् । अब म आफैलाई इन्कार गर्न बोलाइएको सत्यतालाई बुझेको छु । उहाँले आफ्नो इच्छा, दर्शन र सुसमाचारको बोझ ममा हालिदिनु भएको छ । अन्त्यमा, जसको येशूसँग भेट हुन्छ, त्यो पहिला जस्तो रहदैन । बरु उहाँको चेला बन्छ र उहाँबाट पाएको बोलावट पुरा गर्दछ । उहाँसँग एकै जुवामा सँगै नारिएर यो देशलाई सुसमाचारको फलहरूले लटरम्म भएको नेपाली समुदायहरू बनाउन म कस्सिएको छु । सुसमाचार प्रचार गर्ने बोलावटलाई आज यहि गवाहीकासाथ म परमेश्वरसँगै संसारको पुनर्स्थापना गर्ने सेवाकाईमा जुटेको छु र आजिवन उत्साहित हुँदै उहाँ आउने आशामा जिउने छु । उहाँ मेरो परमेश्वर हुनुहुन्छ र म उहाँको प्रजा भई उहासँग उहाँको उपस्थितिमा रमाउने छु ।

# Understanding Marriage as Covenant

## Marriage is made to illustrate God in covenant relationship with his people in the dynamics of love, respect and submission.

**Rev. Arbin Pokharel,**
Chairman, Reformed and Presbyterian Seminary
Cross-Way Community Church

A couple came to a pastor and said, "pastor we need to get married soon because my girlfriend's parents are saying they will find another husband for her." One week later they decided to elope. After three days came back to the pastor and said, "pastor what do we need to do to come under church disciplines?" Unfortunately, this is an example of Nepali Christians understanding of marriage. We live in a fast pace world of changing culture and it values. While churches grow wide, deeper roots for discipleship (following Christ) are compromised.

The lack of discipleship is seen in the weddings conducted in church, but more so in the marriage commitment in Christian families. Pastors are happy enough to just get-things-done. When weddings come, everyone is in a hurry. Family organize everything and pastors help with logistics and the ceremony to get-it-done. Marriage is for a life-time; it should take years of preparations before entering it, and rest of married life working it out in discipleship to Jesus. No wonder there are so many marriage problems in Nepal, many are known, but many more are unknown, yet keeping relationships practically functional.

We understand marriage in all practical terms, such as for romance and love making, sex and union, for bearing and rearing children, for household chores, for making and keeping family together, for earning and spending, thinking life is better done together, edifying each other. Pastors often preach and teach limiting marriage to these topics. All of them are generally good, but marriage defined and limited to these meaning is limiting and mistaken.

What defines the foundations for relationships in the world? Is it not simply the community and a national legal system? But are they really enough to define and sustain a marriage relationship? Everyone knows, relationships are more dynamic and complicated than laws and social norms. It has to do with desires, emotional and psychological system one has been brought up in. In all it's complications, one must see the Creator's design in it and admit that marriage is a mystery as God has orchestrated in the format of covenant.

God's plan and imagination for marriage is rooted in his personality, nature and character, which he shows us in the dynamics of covenant relationship. Covenant is a special kind of relationship, particularly understood between God and his people. God establishes this relationship, he is the author and instigator, inviting people into it. Covenant is a special relationship because it is legally binding. Bible in describing covenant uses marriage as appropriate illustration (See Ezekiel 16, Hosea 1). In fact, God's name YHWH (Yahweh) is a name that means "covenant faithful God" (Deut. 7:9). He is dependable and can be fully trusted.

Covenant of marriage was established in Genesis 2. In Genesis 1 we find that Triune God created human beings (man and woman) in his image, he gave them his quality of person-hood with emotional, spiritual, physical and relational characteristics. Triune God live in perfect relationship with love, respect and submission. In the network of relationships, just like within Triune Godhead, human beings will find their blessedness, satisfaction and flourishing.

Marriage is the best form of love relationship found in this world. Wedding day, a very special moment when this love is established in a community context. It is right and good for the wedding to take place in church. Pastors, with the anointed office declare: "God is here" "We are God's people" "marriage covenant is established in the presence of God and his covenant community." "We are witnesses of what God has done." "as covenant community, we pledge to help, pray, encourage, and bless the marriage" and "What God has joined together, let no man set apart." These are the words uttered during exchange of covenant vows in a wedding service. Why? Because, such is the nature of God's covenant we embrace, vow and commit to it "until death set us apart."

Why does the Bible say that God hates divorce? (Mal. 2:16). Because, divorce is breaking covenant relationship with God, and the most intimate relationship with husband or wife, with children and family and also with covenant community. Divorce betrays covenant making/keeping God. This is why divorce is sin. Dr. Cornelius Plantinga in his book, **Engaging God's World** defines sin as **"culpable disturbance of Shalom" (15)**. Culpable means rightful punishment deserving the disturbance of God's design of peace and just order within his creation. We find many illustrations of broken covenant in the Bible. In fact, this is what angers God the most, and he deals most seriously with the people. In Ezekiel 16 we find that nation of Israel has been exiled into Babylon, and suffer very badly there. When they wonder, "where is God and why does he allow such misery upon us?" God says through Ezekiel "I will deal with you as you deserve, because you have despised my oath by breaking the covenant." (16:59)

Paul explains that the reason for Christian marriage is for husband and wife to love and respect, illustrating what it means to "submit to one another out of reverence for Christ." (Eph. 5:20). It is often shortsighted when pastors explain only husband is to love, and wife is to respect. Marriage needs to be a reciprocating relationship of love, respect and submission, and not a competition and demand, which often negates all love respect and submission. Paul says, "this is an illustration of Christ and his Church." Church as the Body of Christ, is the bride of Christ where the nature of Triune God needs to be reflected in love, respect and submission.

If Marriage is a covenant, then Nepali churches need to change some of the ways we have been doing weddings and explaining marriage. Here are some suggestions:

1. Preparations for wedding is necessary. Each church should adopt a form of pre-marital counseling. Counseling is not highly valued in Nepali culture, therefore, many of the counseling sessions and subjects is better accomplished in a workshop settings, and some important ones must be in a closed session with counselor and the couple.
2. Because marriage is done once in a lifetime, "courtship" (objectively getting to know the other person in family and community setting before getting married) should be encouraged instead of "dating," which focuses on individuals in isolation.
3. Because Christian marriage is understood in covenant terms, community at large must be addressed and brought into covenant practices. For example, have the church stand up during wedding vows exchange and say something like "we vow to pray, encourage, and help the bride and groom in keeping their covenant with each other, and keep rooted in God's Word."
4. Churches should run a regular "family life ministry" where sermon series are preached on selected topics and seminar and conferences be organized for everyone to stay focused and healthy on their primary relationships of marriage and family for emotional and psychological health. Family and group counseling be made available at church.

Ruth H. Barton in her book Sacred Rhythm, says, "We are in need of a sacramental approach to life, in which the body is understood to be sacred because it is the place where God's Spirit has chosen to dwell." (81). Human beings depend on relationships to thrive and flourish in life. Most important of them is marriage, it must be kept in first priority to be emotionally, and psychologically healthy, so that true discipleship to Jesus can take place, which is the mission of the church.

# जातिय विवाह र बाइबल



**Ps. Rameswor Yadav**
Faculty, RPS

**सबैको बीचमा विवाहचाँहि आदरणीय होस् (हिब्रू १३ : ४) ।**

संसारमा चलेका मानव अधिकारका अभियानहरूले जात-जातिय प्रतिको कट्टरतालाई भत्काउन खोजे पनि यसले समाजमा आफ्नो जरा गाडिनै राखेको छ। विशेष गरेर पूर्बीय सभ्यतामा र एशियाली मुलुकहरूमा जातिय कुरालाई राजनीति र पहिचानसँग जोडिदिएको कारण यसलाई हटाउनु असम्भव देखिन्छ । यसलाई सबैभन्दा बढी रक्षा गर्ने तत्वहरूमा जातिय विवाहको स्थान पनि उच्च रहेको छ किनकि राजनीतिकर्मी र अधिकारकर्मीहरूले जातिय विभेदको विरोध आफ्नो मौखिक भाषणमा जति गरेपनि त्यसलाई व्यवहारमा लागु गरेको पाइदैन । तिनीहरूले आफ्नो परिवारको हकमा जातिय कुरालाई कट्टरतापूर्वक नै पक्रिराखेका हुन्छन् । यो जातिवादको कुराले धेरै खीष्टियनहरूलाई पनि स्वतन्त्र हुनदिएको छैन जुन बाइबलिय शिक्षाको आधारमा ग्रहणयोग्य कुरा होइन । यसकारण, यसबाट मुक्ति पाउन हामी मानिसहरूले परमेश्वर र उहाँको विचारलाई बुझ्नु आवश्यक छ । नत्र यो सम्बन्ध नै हाम्रो जीवनमा समस्या भएर आउँछ वा हाम्रो सम्बन्ध नै समस्यामा पर्न जान्छ । हामी इसाईहरू जातिय पहचान र कट्टरताबाट माथि उठेर विवाहलाई पवित्र र आदरणीय बनाउनुपर्छ ।

### विवाहको उत्पत्ति र आवश्यकता

विवाहको आरम्भ हुँदा समाज थिएन तर विवाहद्वारा नै उहाँले समाज बनाउने घोषण गर्नु भएको थियो (उत्पत्ति १: २८) । त्यतिवेला कुनै जात-जाति पनि थिएन । परमेश्वरले विवाहको सुरुवात गर्दा संसारमा एक जना पुरुष र एक जना स्त्री मात्र थिए । यसकारण, विवाह एक जना पुरुष र एक जना स्त्रीको बीचमा हुनुपर्छ । यसकारण, विवाह जातिय विषय नै होइन् । परमेश्वरले सबैथोक बनाएर आदमको अगाडि ल्याउनुभयो । तिनले सबैथोकको नाम पनि जुराए । तिनीहरूको हेरचाह गरे । तिनीहरूसँग रमाए । आदमले कुनै कुराको खाँचो महसुस गरेन तर परमेश्वरले तिनीहरू आदमको लागि सुहाउदो सहयोगी नरहेको ठहर गर्नुभयो । र आदमको निम्ति परमेश्वरले आफ्नै स्वरुपमा आदमको शरीरबाट एउटा स्त्री बनाउनुभयो, जो परमेश्वरको तर्फबाट आदमकोलागि सुहाउदो थियो । साथै आदमले कुनै प्रश्न नगरिकन त्यो नयाँ सम्बन्धलाई सहर्ष स्विकार गरे ।

**परमेश्वरले विवाहको सुरूवात गर्दा संसारमा एक जना पुरुष र एक जना स्त्री मात्र थिए । यसकारण, विवाह एक जना पुरुष र एक जना स्त्रीको बीचमा हुनुपर्छ । यसकारण, विवाह जातिय विषय नै होइन् ।**

### विवाह सबैको निम्ति

विवाह सम्बन्धी बाइबलको सम्पूर्ण शिक्षालाई एक ठाउँमा राखेर हेर्ने हो भने विवाह परमेश्वरले सबैजातिका मानिसहरूको लागि समानरुपमा दिनुभएको छ । यहाँसम्म कि कुनै मानिस खीष्टद्वारा परमेश्वरमा विश्वास गरेपनि विवाहको बन्धनलाई कायम राख्न आज्ञा दिनुभएको छ । दुई जनामध्ये एक जना विश्वासी भएपनि अविश्वासमा रहेको अर्को व्यक्तिले सँगै बस्ने चाहना गरे, त्यस सम्बन्धलाई कायम राख्न परमेश्वरले भन्नु भएको छ किनकि परमेश्वरले तिनीहरूलाई विवाहद्वारा एक बनाउनु भएको थियो र छ तर यो सत्यता तिनीहरूलाई थाहा थिएन तर अहिले थाहा छ । यसकारण, विवाह सबैको निम्ति परमेश्वरको इच्छा हो (यूहन्ना ३: २७) ।

त्यसैगरि व्यभिचारसम्बन्धी परीक्षा अनेक भएका हुनाले हरेक मानिसको आफ्नै पत्नी होस् र हरेक स्त्रीको पनि आफ्नै पति होस् भनेर १ कोरिन्थी ७: १-४ मा पावलले स्पष्टसँग भनेका छन्, "पतिले आफ्नी पत्नीलाई तिनको वैवाहिक हक देओस, र यसरी नै पत्नीले पनि आफ्ना पतिलाई ।" यसकारण, पुरुष हो, एउटा पत्नीको पति बन्नुहोस् । स्त्री हो, एउटा पतिको पत्नी बन्नुहोस् । यो परमेश्वरलाई मन पर्छ तर विवाह नगर्ने र व्यभिचार गरेर बस्ने कुरा परमेश्वरले मन पराउँनुहुन्न ।

विवाहद्वारा परमेश्वरले हामीलाई खीष्टको श्रद्धामा एक-अर्काको अधीनमा बस्न सिकाउँनु हुन्छ किनकि यो परमेश्वरको आज्ञा हो । (एफिसी ५: २२-३३) । यसकारण, विवाहको महत्वपूर्ण उदेश्यहरूमा मानिसलाई व्यभिचारबाट जोगाउनु, समाजको सृजना गर्नु, सुहाउदो सहयोगी प्रदान गर्नु र एक अर्काको अधिनमा बस्न लगाउनु हो । साथै आफ्नो सम्बन्धलाई स्थापना गर्न, आफ्नो घनिष्टतालाई प्रकट गर्न र मण्डली र खीष्टको रहस्यमय सम्बन्धलाई प्रस्तुत गर्नु पनि हो ।

### विवाहको सम्बन्ध आजिवन

विवाहको करार वा बन्धन जीवनभरिको लागि थियो र छ किनकि यसबाट कुनै व्यक्तिलाई मृत्युले मात्र अलग गर्न सक्छ । तर पतनपछि मानिस पापमा बढदै गए । पापले तिनीहरूको जीवनको हरेक पक्षहरूलाई भ्रष्ट बनाउदै गयो । यसरी नै तिनीहरूको वैवाहिक जीवन पनि लथालिङ्ग भयो । यसकारण, संसारले अंगालेका विवाहको ढाँचाले परमेश्वरको पवित्रता प्रकट

**विवाहको महत्वपूर्ण उद्देश्यहरूमा मानिसलाई व्यभिचारबाट जोगाउनु, समाजको सृजना गर्नु, सुहाउदो सहयोगी प्रदान गर्नु र एक अर्काको अधिनमा बस्न लगाउनु हो । साथै आफ्नो सम्बन्धलाई स्थापना गर्न, आफ्नो घनिष्टतालाई प्रकट गर्न र मण्डली र खीष्टको रहस्यमय सम्बन्धलाई प्रस्तुत गर्नु पनि हो ।**

गर्नुको सट्टा पाप र कुकर्महरूको प्रतिक भएको छ । तर यो दुष्ट संसारमा नै परमेश्वरले विवाहद्वारा नै आफ्नो पवित्रता प्रकट गर्न र यसलाई कायम नै राख्न खीष्टद्वारा एउटा पवित्र जाति खडा गर्नु भएको छ ।

प्रभु येशु खीष्टले विवाह जिवनभरिको सम्बन्ध रहेको सत्यतालाई पुनः प्रकट गर्नुभयो । उहाँले यसबारे इस्राएलका मानिसहरूलाई सिकाउनु पनि भयो । यसमा सम्बन्ध बिच्छेदको ठाउँ नै छैन । मत्ती १९: ४-१२ मा उहाँले (येशुले) भन्नुभयो, "के तिमीहरूले पढेका छैनौ, कि सृष्टिकर्ताले तिनीहरूलाई सुरुमा नै नर र नारी बनाउनुभयो, ... र ती दुई जना एउटै शरीर हुनेछन् । ती अब दुई होइनन्, तर एउटै शरीर हुन्छन् । यसकारण, परमेश्वरले जसलाई एकसाथ जोर्नुभएको छ, त्यसलाई कुनै मानिसले नछुट्टयाओस् ।"

हामी संसारको होइनौं जसरी प्रभु पनि यस संसारको हुनुहुन्न । अर्को शव्दमा, संसारको शत्रुता परमेश्वरसँग छ । यसकारण, संसारले संसारलाई सुन्दछ । यसले परमेश्वरको विरुद्धमा सिकाउनको लागि अति नै वृस्तितरुपमा आफ्नो विचार र शिक्षण पद्धतिहरूको विकास गरेको छ । यसले परमेश्वरको विचारलाई बेकार सावित गरिहेको छ । हितोउपदेश १६: २५ले भन्छ कि कुनै बाटो मानिसको नजरमा ठीक देखिएला, तर अन्त्यमा त्यसले मृत्युमा पुऱ्याउँछ । त्यस्तै सोलोमन भन्नुहुन्छ, "...परमेश्वरले मानिसलाई सोझो बनाउनुभयो, तर मानिसचाहिँ अनेक परिकल्पनाको खोजीमा लागेको छ ।"


पापमा रहेका मानवजातिले परमेश्वरको विवाहको ढाँचालाई विगार्न अन्य प्रकारका विवाहको नमुनाहरू बनाउदै गए । वर्तमान संसारको विवाहको ढाँचाहरू यस प्रकार छन् : प्रेम विवाह, भागि विवाह (पोइलो जानु), बहुविवाह, बालविवाह, जातिय विवाह, अन्तर-जातिय विवाह, समलिंगी विवाह र विवाहविना संगै वस्नु, र वन नाइट स्ट्यान्ड साथै अन्य प्रकारका अनैतिक सम्बन्धहरू आदि । यी विवाहका नमुनाहरूले मानिसहरूलाई मृत्युमा पुऱ्याउन, परिवार र समाज दुवैमा उदण्डता, अमानवियता र अनैतिकताको सृजना गरेका छन् । अर्को शव्दमा, मानिसहरूले स्वतन्त्रता, मानव अधिकार, खुसी, सुख, आधुनिकता र विकासको नाममा आफ्नै विनाशको निम्ति विवाहको अति सुन्दर विचार र नमुनालाई विगारिदिएका छन् ।

यी संसारमा प्रचलित विवाहहका ढाँचाहरूले परमेश्वरले स्थापना गर्नु भएको विवाहभन्दा पृथक भएकोले व्यक्ति र समाजको लागि घातक रहेका छन् । तर पनि यी ढाँचाहरूले परमेश्वरको मानिसहरूलाई आकर्षित गरिरहेका र कतिपयले यसलाई आफ्नो जीवनमा अंगालेर वकालत गर्न पनि पछि हटदैनन् । तर हामी खीष्टमा रहेका परमेश्वरको अनुयायीहरूले यस संसारको ढाँचामा हिँडनुहुदैन (रोमी १२: १-३) ।

## निष्कर्ष

जातिय कुरा परमेश्वरबाट आएको होइन । यो मानव निर्मित कुरा हो । मानिस जातिले यस जातिय मापदण्डलाई विकास गरेर आ-आफ्नो महत्वलाई एक अर्काको सामु बढाउन खोजेको छ । यो परमेश्वरलाई मन पर्दैन । यसकारण, हामी परमेश्वरका जातिले यो जातिय कुराबाट अलग भएर परमेश्वरको आज्ञाअनुसार जीवनको कुराहरूलाई मिलायनुपर्छ। यसकारण, विवाहको निम्ति परमेश्वरको ठहराउनु भएको उदेश्यलाई पुरा गर्दै यसको आन्नद उठाउदै परमेश्वरमा सधैं आन्नद मनाऔं, जसले हामीलाई खीष्टको व्यवस्थालाई पुरा गर्न अगडि बढ्न प्रोत्साहित गर्छ ।

# गर्भपतन:
# बैधानिकता, बाइबलीय मान्यता र ख्रीष्टियन मण्डलीको दृष्टिकोण



**Mr. Santosh Kumal**
Faculty, RPS

आधुनिक समाजले गर्भपतनको विषयलाई नितान्त व्यक्तिगत अधिकारमा राखे तापनि यसले परिवार, समाज, देशको कानून साथै व्यक्तिले मान्ने धर्मसँग पनि उत्तिकै सरोकार राख्दछ। यसर्थ गर्भपतन गम्भिर विषय हो। यसलाई केही राष्ट्रहरूले कानूनी मान्यता दिएका छन् भने अरूले दिएका छैनन्। हाम्रो देश नेपालले सन् २००२ देखि गर्भपतनलाई कानूनी मान्यता प्रदान गरेको छ। गर्भपतन नैतिक सवाल भएकोले कुनै पनि राष्ट्र र धर्मले चासो राख्नु स्वभाविक नै हो। विभिन्न धार्मिक समूहहरूका आ-आफ्नै दृष्टिकोणहरू पनि छन्। तर यस लेखमा नेपालको कानूनले दिएको गर्भपतनको वैधानिकता, बाइबलीय मान्यता र ख्रीष्टियन मण्डलीको दृष्टिकोणलाई पाठक समक्ष पुऱ्याउनु हो। आज गर्भपतन नेपाली मण्डलीहरूको निम्ति चुनौतिको विषय नै भएको पाईन्छ। यसकारण, यहाँ उठान गरिएको विषयले नेपालका मण्डलीहरूलाई देशको कानून सम्मान गर्दै बाइबलीय मूल्य र मान्यताको पालना गर्न मार्ग निर्देशन गर्नेछ।

### बैधानिकता

नेपालको कानूनले गर्भपतनको अधिकार महिलाहरूलाई सन् २००२ मा प्रदान गऱ्यो। "सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५" अनुसार "गर्भपतन भन्नाले गर्भमा रहेका भ्रुण स्वाभाविक रुपमा जन्मन सक्ने हुनुभन्दा अगावै गर्भबाट भ्रुण बाहिर निस्कने वा निकाल्ने कार्य सम्झनु पर्छ।" विज्ञानको भाषामा भ्रुण (Fetus) लाई जन्म नभएको मानिस (Unborn human) भनिन्छ। तर यही भ्रुणलाई गर्भाशयबाट बाहिर निकाल्न (गर्भपतन गर्न) नेपाल सरकारले बैधानिकता प्रदान गरेको छ। नेपालको कानूनले भ्रुणको अधिकार के हो भनेको पाइँदैन नत मानवको रुपमा नै पहिचान गरेको छ। असुरक्षित गर्भपतनको न्यूनिकरण गरी मातृ मृत्यु दर घटाउन नेपालको प्रचलित कानुनअनुसार देहायको अवस्थामा गर्भवती महिलालाई गर्भपतन गर्न पाउने अधिकार रहेको छः

क) गर्भवती महिलाको मन्जुरीले १२ हप्तासम्मको गर्भ,

ख) गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्छ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुनसक्छ वा विकलाङ्ग बच्चा जन्मन्छ भनी इजाजत प्राप्त चिकित्सकको राय भई त्यस्ती महिलाको मन्जुरी बमोजिम २८ हप्तासम्मको गर्भ,

ग) जवर्जस्ती करणीबाट रहन गएको गर्भ गर्भवती महिलाको मन्जुरीले २८ हप्तासम्मको गर्भ,

घ) रोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जीवाणु (एच.आई.भी.) वा त्यस्तै प्रकृतिको अन्य निको नहुने रोग लागेको महिलाको मन्जुरीमा २८ हप्तासम्मको गर्भ,

ङ) भ्रुणमा कमीकमजोरी भएको कारणले गर्भमै नष्ट हुनसक्ने वा जन्मेर पनि बाच्न नसक्नेगरि गर्भको भ्रुणमा खराबी रहेको, वंशाणुगत खराबी वा अन्य कुनै कारणले भ्रुणमा आशक्तता हुने अवस्था रहेको भन्ने उपचारमा संलग्न स्वास्थ्यकर्मीको राय बमोजीम गर्भवती महिलाको मन्जुरीमा २८ हप्तासम्मको गर्भ, इत्यादि ।

यो कानुनको फाइदा उठाउदै गर्भपतन गराउनेहरूको संख्यामा उल्लेख्य वृद्धि भएको पाइन्छ। सन् २०१४ मा "the Center for Research on Environment Health and Population Activities (CREHPA) and the Guttmacher Institute" को एक अध्ययनले नेपालमा लगभग ३,२३,००० महिलाहरूले बर्षेनी गर्भपतन गराउने गरेको तथ्यांक देखाएको छ । यसै अध्ययनले १,००० महिलाहरूमा ४२ जनाले गर्भपतन गराउँछन् जो १५ (४९ वर्ष उमेरका हुन् । यस्तै अर्को एक अध्ययनले सन् २००२ देखि २०१७ को बीचमा लगभग १० लाख महिलाहरूले सुरक्षित गर्भपतन सेवा पाइसकेको तथ्याङ्क देखाएको छु ।

यो सुरक्षित गर्भपतनको बैधानिकता कतिपयलाई असलै लगेको होला त कतिको लागि दुखद पनि । तर एक साँचो खीष्टियनको निम्ति गर्भपतन असल काम हुन सक्दैन किनकि यस्तो कार्य परमेश्वरको विरुद्ध हो । कुनै पनि देशको संविधान होस् वा कानून परमेश्वरको वचनभन्दा माथि कुनै व्यवस्था हुन सक्दैन ।

## बाइबल

पुरानो नियममा गर्भपतनलाई पूर्णरुपमा अस्विकार गरेको पाउँछौ । दाउदले भन्दछन्,"...तपाईले मलाई मेरी आमाको गर्भमा रच्नुभयो (भजन. १३९: १३-१६) ।" यस अर्थमा गर्भको नजन्मिएको बालक पनि परमेश्वरको प्रतिरुपमा बनाईएको हुन्छ। प्रस्थानको पुस्तकमा "यदि मानिसहरू आपसमा लडन्त गर्दा कुनै गर्भवती स्त्रीलाई चोट लाग्यो र महिना नपुगीकनै त्यसले बच्चा जन्माई तर स्त्रीलाई चाहिँ केही नोक्सानी भएन भने स्त्रीको पतिले भनेबमोजिम र अदालतले तोकेअनुसारको दण्ड चोट लगाउने मानिसले देओस् (२१: २२) भनेर लेखिएको छ।" दोषीलाई यहाँ दण्ड दिनु भनेको गर्भमा भएको बच्चालाई सुरक्षा दिनु हो । बाइबलले गर्भमा भएको बालकमा मानवमा हुने स्वभाव वर्णन गरेको छ : "साँच्चै, म जन्मदा नै पापी थिएँ र मेरी आमाले मलाई गर्भधारण गरेदेखि नै म पापी थिएँ (भजन. ५१: ५) ।" यर्मिया अगमवक्तालाई परमेश्वरले भन्नुहुन्छ,"मैले तँलाई गर्भमा रच्नुभन्दा अघि नै तँलाई चिनिसकेको थिएँ, तँ जन्मनुभन्दा अघि नै मैले तँलाई अलग गरे । मैले तँलाई जाति-जातिहरूका निम्ति एक अगमवक्ता नियुक्त गरें (यर्मिया १: ५)।" आमाको गर्भमा रच्नुभन्दा पहिले जान्नु हुने परमेश्वरले गर्भको बालकलाई पनि उस्तै जान्नुहुन्छ। मनिसको रुपमा हेर्नुहुन्छ। यर्मियालाई अगमवक्ताको रुपमा आमाको गर्भमा नै रच्नुभयो । नयाँ नियममा एलीशिबाको गर्भमा भएको बालक "...आनन्दले उफ्रयो", (लुका १: ४४) । यहाँ पनि एक व्यक्तिको स्वभाव पेटमा भएको बालकमा पनि भएको पाइन्छ। तर हाम्रो समाजमा बालक शब्द जन्मेर हुर्किसकेको नानिहरूलाई प्रयोग मात्र गर्ने गरिन्छ ।

गर्भमा रहेको बच्चा (Uuborn) लाई गर्भअवस्था भएको दिनदेखि नै एक व्यक्तिको रुपमा हेरिनु पर्छ । गर्भमा रहेको बच्चा र जन्मिएको बच्चाहरूमा केही परक अवस्थाहरू हुन्छन्। भएको फरक जस्तैः- अवस्था (Location), आकार (Size), निरर्भता (Dependence) र तिनीहरूको विकास (Development) । यी आधारहरूमा नजन्मिएका बच्चाहरू (the preborn) लाई मृत्यु र जन्मिएका बच्चालाई जीवनको निर्णय गर्नु न बाइबलीय हो न त नैतिक रुपमा नै उचित हुन्छ ।

यसर्थः भ्रुण नजन्मिएको बालकलाई नेपालको कानूनले गर्भपतन गर्न अनुमति दिएता पति बाइबलीय दृष्टिकोणमा भ्रुण परमेश्वरको स्वरुपमा सृष्टि गरिएको एक बालक मानव हो । त्यसैले गर्भपतन हत्या हो । मोशाले दिएका दश आज्ञाहरूमा लेखिएको छ, "हत्या नगर्नु (प्रस्थान २०: १३) ।" यहाँ मानिसको हत्या नगर्नु भन्ने कुरा बुझ्नु पर्छ। जे बाइबल विरुद्ध छ, त्यो गरिनु हुदैन ।

## मण्डली

गर्भपतन गर्न हुन्छ वा हुदैन भन्ने प्रश्नको जवाफ दिन पाष्टर अगुवाहरूलाई निर्णय गर्न हम्मे-हम्मे पर्ने गर्छ । तर यसको जवाफ उहाँहरूले दिनै पर्ने हुन्छ। खीष्टियन मण्डलीको इतिहासलाई हेर्दा मण्डलीले निम्न प्रकारका निर्णयहरू गरेको पाईन्छ ।

- पहिलो शताब्दीमा रोमीहरू माझमा गर्भपतन व्यापक थियो तर मण्डलीहरूले यसलाई अस्वीकार गर्दै आएका थिए ।

- ईश्वरशास्त्री अगस्टिनले गर्भपतनको विरोध गरेका थिए ।
- मण्डली सभाः- आन्सिरामा भएको सभा (३१४सन) ले यसलाई घृणा गरेको थियो ।
- मण्डली सभाः- एल्भिरामा भएको सभा (३०० सन) ले गर्भपतन गरेको स्त्रीलाई पवित्र विधिमा सहभागी गराउँदैनथ्यो ।
- आन्क्रियाको सिनोड (पूर्वीय) सभाले गर्भपतन गराउने स्त्रीहरूलाई १० वर्षसम्म दण्डस्वरुप रकम तिर्नु पर्ने प्रावधान गरेको पाईन्छ ।

डेभिड के. कर्लक र रोर्बट वी. राकेसट्ले," खीष्टियनहरूको नैतिक अध्ययन, (पेज न. २२)" भन्ने पुस्तकमा यसरी लेखेका छन्:

- रोमन क्याथोलिक मण्डलीले बालकको आमा मृत्युको जोखीममा भएता पनि गर्भपतनलाई इन्कार गरेको थियो ।
- केही रुढीबादी प्रोटेष्टेण्टहरूले केवल आमाको जीवन, मृत्युबाट सुरक्षित हुने अवस्थामा मात्र गर्भपतनलाई मान्यता दिएका थिए ।

केही खीष्टियनहरू जटिल परिस्थितीलाई पहिचान गरी जस्तैः बलत्कार, व्यभिचार, गर्भमा विकसित भईरहेको भ्रुण (Fetus) मा कुरुप भएको पत्ता लागेको अवस्थामा गर्भपतनलाई मान्यता दिने र आवश्यकता ठान्ने गरे को पाईन्छ ।

- थोरै रुढीवादी खीष्टियनहरूले यदि कोही महिलालाई गर्भपतन आवश्वयक छ भने त्यसलाई समाजले सहज प्रकारले अनुमति दिनु पर्छ भनी स्वीकारेका छन् ।

अतः गर्भपतनलाई अधिकांश मण्डलीहरूले दुरुत्साहन र ठाडै विरोध गरेको इतिहासले स्पष्ट पारेको छ भने केही थोरै मण्डली समूहहरूले मात्र स्वीकार गरेको पाइन्छ । तर यो सत्यता भुल्नु हुदैन सुरुका खीष्टियन मण्डलीहरूले गर्भपतन र बाल हत्याको विरोध मात्र गरेका थिएनन् तर त्यागिएका बच्चाहरूलाई बचाउने र संरक्षण गर्ने गरेको पनि पाइन्छ । सन् २२३ को समयमा आमा बाबुबाट त्यागिएका बच्चाहरूलाई खीष्टियन गृहहरूमा राखी संरक्षण प्रदान गरिएको थियो । यसप्रकारका नानिहरूलाई पोषिलो खाना र सुरक्षा व्यवस्था गरेको पाइन्छ । गर्भपतनको क्रममा अपाङ्गता भएका नानीहरूलाई पनि उक्त सुविधा दिइएको पाइन्छ । अतः आजको नेपाली मण्डलीहरूले पनि यस्तो प्रकारको चुनौति लिन र सेवा दिन सक्नुपर्छ । तर यस विषयमा हामी नेपाली मण्डलीहरूले कस्तो भुमिका निर्वाह गरिरहेका छौ ? एक पटक आफै लाई नियालेर हेर्ने कि? गर्भपतनको दुष्चक्रमा परी शिकार भइसकेकाहरूसँग कस्तो व्यवहार गर्दै छौ ? कतै न्याय त हामीले गरिरहेका छैनौ ? कतै घृणा त गरिरहेका छैनौ ? त्यसो नहोस् । बरु खीष्टको प्रेमद्धारा परमेश्वर तर्फ डोऱ्याउनु पर्छ ।

## निष्कर्ष

नेपालको कानूनले गर्भपतनलाई मान्यता दिएको कारणले यसको सुविधा लिनेहरूको संख्यामा उल्लेख्य वृद्धि भएको पाइन्छ तर यो आवश्यकता नै हो कि अनैतिक जीवनको चरम सिमाको दुष्परिणाम हो, सोच्नु जरुरी छ । यसको प्रभाव आजको नेपाली मण्डलीहरूमा पनि नपरेको भने होइन । यदि यसो हो भने गर्भपतनका मूल कारणहरू पत्ता लगाई समयमै मण्डलीहरूले विश्वासीहरूलाई बाइबलीय शिक्षा, इतिहासको घटनाक्रम, उचित सरसल्लाह दिन सक्यो भने यस्तो गम्भीर समस्याबाट मण्डली अलग रहन सक्छ । पा. लाजरस थुलुंगले लेख्नु भएको "खीष्टियन जीवनका नैतिक सवालहरू," नामक पुस्तकमा गर्भपतनको कारणहरूबारेमा यसरी लेख्नु भएको छः "गरीब, धेरै सन्तान, समयभन्दा चाडै बच्चा जन्माउनु, बलत्कार र अबैध यौन सम्पर्क, आमालाई हुने खतरा र बालक गर्भमा हुदाँ नै कुपोषण वा बिरामी" इत्यादी । यदि यी कारणहरूलाई मण्डलीका अगुवाहरूले पत्ता लगाई मण्डलीमा विश्वासीहरूलाई सचेत गराउन सकेमा, "गर्भपतन" को शिकार हुनबाट अधिकांश हाम्रा नेपाली आमा, दिदी-बाहिनी तथा अंकूराउदै गरेका साना नानीहरू जोगिने छन् र एक स्वास्थ्य र सुन्दर जीवन, परिवार, मण्डली, समाज र देश स्थापना हुनेछ ।

गर्भपतन जटिल विषय हो । यसका सैद्धान्तिक र व्यवहारिक पक्षहरू छन् । एक जटील पक्ष बलत्कार वा व्यभिचार जस्तो पापको शिकार भएको अवस्थामा के गर्ने ? यस्ता पापको शिकार भएकाहरूलाई खीष्टियनहरूले स्नेहपूर्णको वास्ता तथा व्यवहार गर्नुपर्ने हुन्छ । उक्त व्यवहार आमा र नानी दुवैलाई दिनु पर्ने हुन्छ । यदि यस प्रकारबाट बच्चा जन्मिएपछि मृत्यु गराउनु अपराध हो भने सोही प्रकारबाट उक्त बालक नजन्मिएको अवस्थामा हत्या गर्नु पनि अपराध

हो । यसकारण, भ्रुणलाई पनि परमेश्वरको स्वरुपमा नै हेरिनुपर्छ ।

अर्को जटिलता आमा र गर्भमा रहेको बच्चाको जीवन र मृत्युको प्रसंगमा के गर्ने ? यो धेरै जटिल देखिन्छ तर के जीवन र मृत्यु मानिसको हातमा छ र ? के मानिस परमेश्वरभन्दा महान हुन सक्छ र ? यदि गर्भपतन बाइबल विरुद्ध छ भने आमा र बच्चाको जीवनको जिम्मेवारी पनि परमेश्वरकै हातमा छ भनी जान्नुपर्छ । तर के व्यवहारमा सजिलो छ ? कतिपय इसाई समुदायहरूले कहि कतै हुने यस्तो दुःखद घटना, आमाको जीवन गुम्ने अवस्था अथवा दुवै बच्चा र आमाको जीवन गुम्ने अवस्था छ भने गर्भपतन नैतिक रुपमा न्यायोचित नै हुन्छ भनेर भन्दछन् । यो कार्य आमालाई बचाउने अभिप्रायले हुनु पर्छ न कि बच्चाको जीवन लिने । यस अर्थमा गर्भपतनको वैधानिकता उचित देखिन सक्छ तर यसको नकारात्मक परिणाम आमा तथा परिवारले नै भोग्नु पर्ने हुन्छ । धर्मशास्त्र बाइबल र मण्डली इतिहासको साक्षीलाई हेर्दा प्रत्येक मानिस आमाको गर्भावास्था देखिने परमेश्वरको स्वरुपमा सृष्टि गरिएको हो । यसर्थ गर्भमा रहेको भ्रुणलाई पनि आदर गर्नुपर्छ जस्तो सम्बन्ध परमेश्वरसँग हुन्छ । प्रसिद्ध इश्वरशास्त्री आथेनागेरासले भनेका छन्, “कसरी हामीले एउटा मानिसलाई मार्न सक्छौ ...किनकी गर्भमा भएको भ्रुण एउटा जनावर होइन तर यो त परमेश्वरले अस्तित्वमा ल्याउने उहाँको प्रबन्ध हो ।” यसो भन्दै गर्दा नेपालको कानूनको अपमान भने गरिएको होइन तर परमेश्वरको स्वरुपमा सृष्टि गरिएको मानवको मूल्य र मान्यता स्थापना गदै देशको कानूनलाई सम्मान गर्नु पर्छ भन्नु नै हो ।

# व्यभिचार: नैतिक कलंक



**Elder PA Thomas**
Coordinator, Nepal Evangelical Mission-NEM

समानता, स्वतन्त्रता र छनौटका अधिकार अहिलेको समाज र समयको आधारभूत माग भएको छ । मानव अधिकारको नाममा यी कुराहरू व्यक्तिगतरुपमा प्रयोग गर्न-गराउन सहज बनाउन अधिकांश देशहरूमा विभिन्न कानून तथा नियमहरू लागु गरिराखेका छन् । कुनै भेदभाव बिना आफुले चाहे जस्तो जिउन यस्ता कानूनहरूले प्रचुर मात्रामा अवसरहरू प्रदान गरि दिएकाछन् । तर यसले स्वभाविक रुपमा मौसम, परिस्थिति र समयअनुसार अरु प्राणीहरूले प्रयोग गर्ने कतिपय जीवन प्रक्रियाहरू मानिसले चाहिँ मनपरी र कुनै घेरा वा नियन्त्रण बिना नै प्रयोग गरि रहेका छन् । झैं-झगडा, अन्याय-अत्याचार, यौन-दुराचार तथा हत्या आदि यसका उदाहरणहरू हुन् । परमेश्वरको सृष्टिमा सर्वश्रेष्ठ र ज्ञान-बुद्धि भएका मानिस यसरी अन्य प्राणिहरूभन्दा पनि तल झर्नु पापमा पतित भएको सत्यतालाई प्रकट गर्छ ।

लैङ्गिक समानता र स्वतन्त्रताले यौन दुराचारको सिमा नाघेको सत्यता हामीबाट लुकेको छैन । नुह र लोतको समयबाट नै यस्ता कुराहरू प्रचलनमा रहेको र त्यसमाथि परमेश्वरको दण्ड परेको कुराहरू हामी बाइबलमा पढ्छौं । यो मानविय पतन र परमेश्वरसँगको विद्रोहको प्रकटीकरण हो भने सत्य रोमी १: १८ देखिका पदहरूमा पावलले प्रष्ट्याएका छन् । विगतमा यो लुकेर गर्ने र समाजबाट निन्दित कार्य थियो भने अहिले व्यक्तिगत हक र स्वतन्त्रताको नाराले यो खुलस्त

**हामी परमेश्वरका जनहरू पवित्र आत्माबाट नियन्त्रित र सञ्चालित हुनुपर्ने भएकोले आफ्नो विवेकले मात्र होइन परमेश्वरको निति निर्देशन तथा इच्छाले पनि डोऱ्याएको हुनुपर्छ । त्यसैले हामी गाउने गर्छौं, अङ्ग प्रत्यङ्गका मालिक म गर्छु प्रणाम (ख्रीष्टिय भजन ३३१) ।**

र विना संकोचको गरिने साधारण काम हुन पुगेको छ । यो गलत वा विकृतिको कुरा हो भन्नुभन्दा पनि साधारण र स्वाभाविक ठान्न र नियमहरूले साथ र सुरक्षा प्रदान गर्न थालेका छन् । कतिपय व्यक्ति, संघ-संस्थाले यसलाई मानव विकासको प्रक्रियाको रुपमा पनि लिएका छन् । यी सबै कुराहरूबाट उद्धार पाएका परमेश्वरका सन्तहरू पनि प्रभावित छन् भन्ने सत्यता हामीले स्विकार्नै पर्छ ।

हाम्रा शरीरमा भएका प्रत्येक अङ्गहरू एकै कामको लागि मात्र नभई विभिन्न काम गर्नको लागि सक्षम छन् । जसरी हामी मुखले खान्छौं र बोल्छौं तर त्यही मुखले हामी ठोक्न र झगडा गर्न पनि सक्छौं । के, कसरी र कहिले गर्ने वा नगर्ने त्यो हाम्रो विवेकले निर्णय गर्नुपर्ने कुरा हो । हामी परमेश्वरका जनहरू पवित्र आत्माबाट नियन्त्रित र सञ्चालित हुनुपर्ने भएकोले आफ्नो विवेकले मात्र होइन परमेश्वरको निति निर्देशन तथा इच्छाले

पनि डोऱ्याएको हुनुपर्छ । त्यसैले हामी गाउने गर्छौं, अङ्ग प्रत्यङ्गका मालिक म गर्छु प्रणाम (ख्रीष्टिय भजन ३३१) । हाम्रो शरीरमा भएका प्रत्येक अङ्गले परमेश्वरले चाहनु भएको काम मात्र रोज्नु पर्दछ तर त्यो सहज र सजिलो नहुन सक्छ । विवाहबिना केटा-केटीसँगै बस्ने, विवाहअघि यौन सम्बन्ध राख्ने, विवाहितहरूले अन्य केटा-केटीसँग सम्बन्ध राख्न खोज्ने, आफन्ता वा परिवारभित्रकाहरूसँग यौन दुराचार गर्ने आदि कार्यहरू मान्य हुँदै गएको अहिलेको समयमा हामी ख्रीष्टियनहरू सचेत भई बाइबलबाट परमेश्वरको सत्यको शिक्षालाई अँगाल्नु अति नै महत्वपूर्ण कुरा भएको छ ।

उत्पत्ति १: २६-२८ अनुसार विवाह र यौन क्रिया परमेश्वरबाट निर्धारित कार्यहरू भएकोले उहाँको योजना र व्यवस्थाअनुसार पवित्र कार्यहरू हुन् । तसर्थ त्योभन्दा बाहिर यी कार्यहरू पाप नै हुन । सबै किसिमका यौन दुराचारको विरुद्धमा बाइबलभरि स्पष्ट निर्देशनहरू छन् जसलाई हामी समय र देशका कानूनअनुसार बदल्न सक्दैनौं । एक पुरुष र एक स्त्रीको बीचमा मात्र पवित्र विवाह हुन सक्दछ । मानिसलाई बनाउनु हुने, उसको सबै शारीरिक तथा मानसिक अवस्था जान्नु हुने र अनन्तसम्मका सबै कार्यहरू सम्हाल्नु हुने परमेश्वरले तोक्नु भएको कुराहरूलाई कुनै वहानामा अदलबदल गर्न पाइदैन । अहिलेसम्म वैज्ञानिकहरूले पत्ता नलगाएका कुराहरूसमेत उहाँलाई थाहा छ र ती सबैको आधारमा नै उहाँले वचन दिनुभएको छ । त्यति मात्र नभई मानिसहरू कुन हदसम्म गिर्न सक्छ र त्यसबाट उम्कन आवश्यक नियम तथा प्रबन्धहरू के-के छन् भन्ने कुरा समेत परमेश्वरले बाइबलमा वास्तविक मानिसहरूको जीवनबाट नै प्रस्तुत गर्नुभएको छ ।

पापी मानिसहरूको जीवनमा हुनसक्ने विवाह, लैङ्गिक सम्बन्ध आदिबारेमा परमेश्वरको इच्छा र योजना मत्ती ५: २७-२८, प्रेरित १५: १९-२०, २८-२९, १ कोरिन्थी ६: १८, ७: १-२, एफिसी ५:५, १ थेसलोनिकी ४:३-५, हिब्रू १३: ४ आदिमा वस्तुपरख सत्यताको रुपमा प्रष्ट्याइका छन् । समाज र कानूनले जेसुकै भने तापनि आफुले सृष्टि गर्नुभएको मानिसहरूको शारीरिक, रासायनिक, मानसिक, आवेगात्मक तथा पापले विकृत अवस्था पूर्णरुपमा जान्नु हुने परमेश्वरले भन्नु भएका सत्यताहरूमा मिसावट गर्नु हुदैन । उत्पत्ति २: २४ को सत्यलाई मर्कुस १०: ८ मा येशू आफैले ठम्मयाउनु भएको छ ।

**समाज र कानूनले जेसुकै भने तापनि आफुले सृष्टि गर्नुभएको मानिसहरूको शारीरिक, रासायनिक, मानसिक, आवेगात्मक तथा पापले विकृत अवस्था पूर्णरूपमा जान्नु हुने परमेश्वरले भन्नु भएका सत्यताहरूमा मिसावट गर्नु हुदैन ।**

लैङ्गिक आकर्षण तथा इच्छा पाप होइन तर अरु सबै मानवीय कार्यहरूझैं यी पनि तोकिएका समय र घेराभित्र हुँदा मात्र जायज हुन्छ । पुरुष-पुरुष तथा स्त्री-स्त्री बीच हुने लैङ्गिक कार्यहरू तथा विवाहबिना पुरुष र स्त्रीसँगै बस्ने आजभोलिका चलनहरू स्वतः परमेश्वरको सत्यको विरोधमा रहेका कुराहरू हुन् । विवाह चाहिँ लैङ्गिक सुखभोग र साथिपनाको निम्ति मात्र नभई एक सुरक्षित, स्थायी र परिवारको निर्माणको लागि हो । यो चाहिँ कसैलाई चाखेर हेर्ने र केही समयकोलागि मोज गर्ने कुरा होइन । यस्ता कार्यहरूले गर्दा आमा-बाबुलाई नचिन्ने सन्तानहरूले बनाउने उत्ताउला समाजका चित्र पश्चिमेली मुलुकहरूले २०औं शताव्दीमा नै प्रस्तुत गरेका थिए । हाम्रो बीचमा पनि परिवारको फुट र सन्तान अलपत्र हुने कुराहरू यही कारणहरूले नै देखिँदै आएको कुरालाई नजर अन्दाज गर्नु हाम्रोलागि आत्मघाती हुनेछ ।

वैवाहिक सम्बन्ध बाहिर कसैसँग यौनसम्बन्ध गर्नु व्यभिचार हो । देश तथा समाजका कानूनले समेत यसलाई निन्दनिय मानेको छ । तर उमेर पुगेकाहरूले स्वइच्छाले गर्ने यस्ता कार्यहरू कानूनभित्र आउँदैन । तर यस्ता कार्यहरूले समाजमा, परिवारमा र आफ्नै नैतिकतामा ल्याउने कलंक जीवनभरि रहन्छ भन्ने कुरा हामीले बिर्सनु हुँदैन । हामी परमेश्वरका सन्तानहरूले

यस्ता कुराहरू परमेश्वरबाट लुकाउन सक्दैनौं। अरुलाई आफै जस्तै प्रेम गर्न पवित्र आत्माद्वारा (रोमी ५: ५) सक्षम बनाइएका हामी अरु कसैलाई लैङ्गिक रुपमा बिटुल्न र कलंकित पार्न काम कदापी गर्नु हुदैन। मत्ती ५: २७-३२ मा येशूको भनाईमा यो कुरा स्पष्ट छ। हामीमा आउने यस्ता परीक्षाहरूकावारेमा याकूब १: १३-१४ ले हामीलाई सल्लाह र चेतावनी दिन्छ।

यी सबै कुराहरूमा हामीलाई पूर्ण उद्धारतिर डोऱ्याउनु हुने हाम्रो प्रभुले हामीलाई सत्यको ज्ञान दिनुभएको छ र हाम्रो कमजोरीहरूमा विशेष सहायता पुर्याउनुहुनेछ। तर हामीले आफ्नो कमजोरीहरू स्विकार गरि उहाँको सहायता माग्नु पर्नेछ। हाम्रो लैङ्गिकपना, चाहनाहरू, परिवार तथा यो पापी र भ्रष्ट संसारमा जिउने दैनिक जीवन र त्यहाँ आउने सबै परीक्षाहरू परमेश्वरले जान्नु हुन्छ र हामीलाई जित दिन उहाँ तयार हुनुहुन्छ। तर हामीले वास्तविकता स्वीकारेको र उहाँमा भर परेको उहाँ चाहनुहुन्छ। हाम्रो जीवनको कुनै पक्षलाई पनि उहाँबाट लुकाउनु खतराको कुरा हो। भजनसंग्रह १३९ र ५१ पढ्नुहोस्। लैङ्गिक कार्यहरू पनि परमेश्वरको इच्छामा प्रार्थनासाथ बाइबलीय सत्यताअनुरुप उपभोग गर्नुपर्ने कुराहरू हुन्। १ कोरिन्थी ७: ५, तितस २, हिब्रू २ र ५ अध्यायहरूले यस्ता कुराहरूमा हामीलाई प्रशस्त प्रेरणा र सान्त्वना दिन्छ।

# REFORMED & PRESBYTERIAN SEMINARY

## Programs Offered



### Master of Divinity (M.Div.)

RPS offers Master of Divinity (M.Div.) program as a semester system, which is only one seminary in Nepal. M.Div. is two years residential program for students with ATA accredited Bachelor of Theology degree and three years for non-ATA accredited B.Th. degree. We accept "Mature Candidates" who are over 30 years of age and have five years of full time ministry experience. M.Div. is designed to equip students to become excellent intellectuals (critical thinkers) for Nepal, excellent Biblical scholars (academics), and excellent pastors who love the church. RPS is one of the AGSTNP consortium members for Master of Theology (Th. M.) degrees under ATA since the beginning of the consortium.



### Bachelor of Theology (BTh)

RPS offers Bachelor of Theology degree accredited by Asia Theological Association (ATA). This program is designed to prepare pastors and ministry leaders for Christ's churches in Nepal. This is a four-year residential degree program that requires completion of higher secondary education.



### BTh, Majoring in Christian Education

We offer BTh specialized in the Christian Education. Its main purpose is to train the students who desire to serve in educational ministry.

### BTh, Majoring in Church Music

We offer BTh specialized in the Church Music. Its main purpose is to train the students who are gifted in music and want to serve church with the gift of music.

*FOR MORE INFORMATION PLEASE CONTACT*

**REFORMED & PRESBYTERIAN SEMINARY**
Lalitpur Metropolitan City, Ward No. 25
Phulbari Chowk, Bhaisepati
**Phone:** 977-1-5592987 | **Fax:** 977-1-559298
**Postal:** GPO 8975, EPC 1923 Kathmandu, Nepal
**Email:** rpseminary@gmail.com
**Web:** www.rpsnepal.com